# अध्याय - एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “कक्षा दसमा कविता शिक्षण गर्दा प्रयोग गरिने विधिहरूको अध्ययन” रहेको छ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम. एड्.) द्वितीय वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनको निम्ति तयार पारिएको हो ।

## १.३ समस्या कथन

नेपाली भाषा साहित्यमा कविता विद्यालाई साहित्यको एक महŒवपूर्ण विधाको रुपमा लिइन्छ । यस विधाको शिक्षण प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्म नै गरिन्छ । कविता शिक्षण गर्दा के कस्ता शिक्षण विधिहरूको प्रयोग भइरहेको छ ? तिनको अध्ययन अनुसन्धान कार्य हुनु कविता शिक्षणको प्रभावकारिताको निम्ति महŒवपूर्ण हुन्छ । कुनै तहमा कविता शिक्षण गर्दा के कस्ता शिक्षण विधिहरू प्रयोग भइरहेका छन्, तिनको अध्ययन गरी यस विधाको प्रभावकारी शिक्षणको निम्ति के कस्ता शिक्षण विधिहरूको उपयोग गर्न सकिन्छ भन्ने कुराको अध्ययन गर्ने कार्यमा यो शोधपत्र केन्द्रित रहेको छ ।

भाषिक सीप हासिल गर्ने कार्यमा शिक्षण विधिहरूको महŒवपूर्ण स्थान रहन्छ । कविता शिक्षण गर्दा अपनाउन सकिने गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्या बोध विधि, खण्डान्वय विधि, व्यास विधि, तुलना विधि, समीक्षा आदि विधिहरू मध्येमा माध्यमिक तहको कक्षा दसमा कविता शिक्षण गर्दा शिक्षकहरूले के कस्ता कार्यलापहरू गरिरहेका छन् र कक्षा दसमा कविता शिक्षण गर्दा बढी प्रभावकारी हुने

विधिहरू कुन-कुन हुन् भन्ने कुराको अध्ययन गर्नु यस शोधपत्रको अर्को समस्या रहेको छ ।

सरकारी विद्यालय र निजी तथा आवसीय विद्यालयहरूमा कविता शिक्षण गर्दा नेपाली भाषा शिक्षकहरूले अपनाइरहेका विधिहरूको सर्वेक्षण गर्ने कार्यलाई यहाँ महŒव दिइएको छ । साथै माथिका दुबै किसिमका विद्यालयहरूको कक्षा दसमा कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूबीच एकरुपता छ कि छैन भन्ने कुरा पनि यस शोधपत्रको समस्याको रुपमा रहेको छ । तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षणमा स्पष्ट भिन्नता छ कि छैन, भन्ने कुराबारे अध्ययन गर्नु पनि यसको समस्या बनेको छ । त्यसै गरी विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको उपयोगको अवस्था के कस्तो छ ? आदि कुराहरूको अध्ययन गर्नु यस शोधपत्रको समस्याहरू रहेका छन्। प्रस्तुत शोधपत्रका मुख्य मुख्य समस्याहरू यहाँ बुँदागत रुपमा दिएको छ ।

क कविता शिक्षणका उपयुक्त विधिहरू के-के हुन्?

ख इलाम जिल्लाका सरकारी र निजी तथा आवसीय विद्यालयका शिक्षकहरूले कक्षा दसमा कविता शिक्षण गर्दा के-कस्ता शिक्षण विधिहरू प्रयोग गर्ने गरेका छन्?

ग सरकारी र निजी तथा आवसीय विद्यालयका शिक्षकहरूले कविता शिक्षण गर्दा प्रयोग गर्ने गरेका शिक्षण कार्यकालपहरूबीच के कस्ता समानता वा भिन्नता पाइन्छ ?

घ कक्षा दसमा अध्यापन गर्ने तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा कस्ता शिक्षण विधिहरूको प्रयोग गर्दछन् ?

## १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेको छन् :

क कविता शिक्षणका प्रमुख विधिहरूको परिचय दिनु ,

ख इलाम जिल्लाका विद्यालयहरूमा कविता शिक्षण गर्दा प्रयोग गरिने विधिहरूको पहिचान गर्नु ,

ग सरकारी र निजी तथा आवसीय विद्यालयका शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिहरूमा पाइने समानता र भिन्नताहरूको अध्ययन गर्नु ,

घ तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने शिक्षण विधि बीचका फरकहरू पत्ता लगाउनु ,

## १.५ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा पूर्वकार्यको समीक्षा भन्नाले उक्त शोधकार्यसंग सम्बन्धित विषयबस्तुमा त्यस भन्दा पहिले भएका अध्ययनको समीक्षा गर्नुलाई बुझिन्छ । यसले पूर्व अध्ययनहरूका सबल र दुर्बल पक्षहरू केलाउँदै सकारात्मक पक्षको अवलम्बन र नकारात्मक पक्षको सुधार सहित नयाँ तरिकाले आफ्नो अनुसन्धानलाई अगाडि बढाउन सहयोग पुऱ्याउँछ ।

प्रस्तुत अनुसन्धान कार्य नेपाली भाषा शिक्षणसँग सम्बन्धित कविता शिक्षण विधिहरूमा केन्द्रित रहेकाले यहाँ नेपाली भाषा शिक्षण र कविता विधा शिक्षणका विषयमा लेखिएका शोधकार्यसँग निकट सहयोगी पुस्तकहरू र शोधपत्रहरूलाई पूर्वकार्यको रुपमा लिई निम्नानुसार समीक्षा गरिएको छः

"कक्षा दसमा कविता शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिहरूको अध्ययन" शीर्षकमा कसैले पनि शोध-पत्र तयार गरेको पाइदैन । तर पनि प्रस्तुत शोध-पत्रको शीर्षकलाई सहयोग पुऱ्याउने खालका शोध-पत्रहरू केही विद्यार्थीले तयार गरेको पाइन्छ । तिनै शोधार्थीहरूको शोधको समेत समीक्षा निम्नानुसार गरिएको छः

१, सङ्गीता कार्की (२०५८) ले कक्षा चारमा कविता शिक्षणका लागी प्रयोग गर्न सकिने शिक्षण विधिहरू नामक शोधकार्य गरेको पाइन्छ। मूलतः भाषा शिक्षणमा प्रचलित कविता शिक्षण विधिहरूको सैदान्तिक परिचय दिने र कक्षा चारको "मेरो नेपाली किताब" मा कविता शिक्षण गर्दा अपनाउन सकिने विधिहरूको चर्चा गर्ने आदि उद्देश्यहरू शोधपत्रमा रहेका छन्। पुस्तकालय विधिमा केन्द्रित उक्त शोधपत्रमा भाषा शिक्षणमा प्रयोग हुने अधिकांश विधिहरू कविता शिक्षणमा उपयोगमा ल्याउन सकिने निष्कर्ष निकालिएको छ। जसमा पाँच अध्ययनमा विभाजित रहेको त्यस

शोधपत्रमा खास गरी कविता शिक्षणका विधिहरूको सैद्धान्तिक चर्चामै मात्र केन्द्रित रहेको पाइन्छ।

कविता शिक्षण गर्दा प्रयोग गरिएका विधिहरू र प्रयोग गर्न सकिने शिक्षण विधिहरूको तुलनात्मक अध्ययन नभएर प्रयोग गर्न सकिने शिक्षण विधिहरूको उल्लेख गर्ने कार्य मात्र भएको पाइन्छ।

२ अनन्तप्रसाद बेल्वासे (२०६०) बाट नेपाली भाषा शिक्षा विभाग अन्तर्गत नै भाषा शिक्षणसंग सम्बन्धित कक्षा पाचँमा कक्षा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन नामक शोधकार्य भएको देखिन्छ।गद्य विधामा केन्द्रित भए पनि उक्त शोधपत्रमा भाषा शिक्षणसंग सम्बन्धित प्रायः सबै विधिहरूको चर्चा गरिएको पाइन्छ। पुस्तकालयीय अध्ययन, खोज, अन्वेषण तथा अवलोकन र तथ्यको व्याख्या विश्लेषणको सेरोफेरोमा उक्त शोधपत्र तयार भएको छ। कक्षा शिक्षण गर्दा अवलम्बन गर्न सकिने खालका १५ वटा सुझावहरू समेत यस शोधपत्रमा समावेश भएका छन्। भिन्न विधा भएको अनुसन्धान कार्य भए पनि यस अध्ययनसँग समान महŒव राख्ने विधामा केन्द्रित भएको हुँदा यहाँ उल्लेख गरिएको छ। उक्त शोधपत्रमा कविता शिक्षणका उद्देश्यहरू, शिक्षण विधिहरू, कविता शिक्षणको आवश्यकता, कविता शिक्षण विधिहरू जस्ता कुराहरूको समावेश गरिएको पाइँदैन ।

३ विनोदकुमार न्यौपाने (२०६२)ले कक्षा छ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन शीर्षकमा शोधकार्य गरेको पाइन्छ। नेपाली शिक्षण विभाग कीर्तिपुर अन्तर्गत गरिएको उक्त शोधपत्रमा कविता शिक्षणको सङ्क्षिप्त परिचय दिइएको छ। निजी र सरकारी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने विधिहरूको फरक खोज्ने र शिक्षकहरूको सैद्धान्तिक र व्यवहारिक पक्षका भिन्नताहरू केलाउने कार्य त्यसमा भएको छ। जम्मा चार अध्यायमा केन्द्रित उक्त शोधपत्रमा कविता शिक्षणका ११ वटा विधिहरूको पहिचान गरी

तिनीहरूको प्रयोग स्तर र तह अनुरुप हुने गरेको कुरा उल्लेख गरेको छ।

पाठयोजना प्रयोगको व्यवहारिक पक्ष, तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारितालाई पनि केलाउने प्रयास भएकाले यस अनुसन्धानको पूर्वकार्यको रुपमा यहाँ महŒव दिइएको छ। उक्त शोधपत्रमा कविता शिक्षणमा प्रयोग गरिने विधिहरूको तुलनात्मक अध्ययन, क्षेत्र, क्रम, कविता शिक्षणको आवश्यकता, उद्देश्यहरू आदि जस्ता पक्षहरूको चर्चा गरिएको पाइँदैन ।

४ कक्षा ७ मा कविता शिक्षणको लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन शीर्षकमा गोपाल बुढाथोकी (२०६२) द्धारा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको शोधकार्य मूलतः काठमाण्डौ जिल्लाका निजी र सरकारी विद्यालयमा कक्षा ७ मा शिक्षण गर्दा शिक्षकहरूले प्रयोग गरेका विधिहरूमा केन्द्रित रहेको छ।जम्मा छ अध्यायमा सम्पन्न गरिएको उक्त शोधकार्य कविता शिक्षणका विधिहरूमा भन्दा समग्र भाषा शिक्षणका विधिको चर्चामा बढी केन्द्रित रहेको देखिन्छ। शिक्षकलाई विद्यार्थी केन्द्रित विधिको प्रयोगमा जोड, कविता लेखन प्रतियोगितामा जोड जस्ता क्रियाकलापहरूको सञ्चालन गर्नुपर्ने जस्ता कुराहरू निष्कर्षका रुपमा उक्त शोधपत्रमा रहेको पाइन्छ।

५. अनिताकुमारी न्यौपाने (२०६२) ले अनौपचारिक शिक्षा कार्यक्रमअन्तर्गत नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको अध्ययन शीर्षकमा त्रि. वि. नेपाली शिक्षा विभागबाट शोधकार्य पूरा गरेको देखिन्छ। जम्मा दश अध्यायमा सङ्गठित उक्त शोधपत्रमा अनौपचारिक शिक्षा कार्यक्रममा नेपाली भाषा शिक्षण गर्दा उपयुक्त हुने विधिहरू पहिल्याउने, उक्त विधिहरूको उपयोगको स्थिति पत्ता लगाउने र तिनको प्रयोगमा देखा परेका समस्याहरू पहिल्याउने मुख्य उद्देश्यहरू रहेका छन्। विशेष गरेर क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित यस अध्ययनमा नमुनाको रुपमा काठमाण्डौ, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लालाई लिएको देखिन्छ। प्रश्नावलीको माध्यमबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषणबाट निष्कर्षमा पुगिएको प्रस्तुत शोधकार्यमा नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको चर्चा गरिएकोले यस

सन्दर्भमा उल्लेख गरिएको छ। उक्त शोधपत्रमा कविता शिक्षण सम्बन्धी प्रयोग गरिने विधिहरू, कविता शिक्षणको क्षेत्र, कविता शिक्षणको महत्त्व, क्रम, भावविधान, लयविधान, उपयुक्तता आदि जस्ता कुराहरूमा चर्चा गरिएको पाइँदैन ।

६ त्रि.वि शिक्षाशास्त्र सङ्काय कीर्तिपुरअन्तर्गत काशीराज अधिकारीद्वारा कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन ( २०६४) शीर्षकमा शोधकार्य भएको देखिन्छ। यसमा खासगरी कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरिने विधिहरू पत्ता लगाउने, शिक्षण गर्दा शिक्षण विधिहरूबीच भिन्नता पत्ता लगाउने, तालिम लिएका र नलिएका शिक्षकहरूले प्रयोग गर्ने कविता शिक्षण विधिमा भिन्नता पत्ता लगाउने जस्ता उद्देश्यहहरू रहेका छन् । प्रश्नावली र अवलोकनबाट प्राप्त तथ्यको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास यस शोधपत्रमा भएको छ । यो चार अध्यायमा विभाजित रहेको छ । कविता शिक्षण विधिको बारेमा गरिएको उक्त शोधकार्यले यस अध्ययन कार्यलाई सहयोग मिल्ने मानिएको छ । उक्त शोधपत्रमा कक्षा तीनमा कविता शिक्षणका उद्देश्यहरू, कविता शिक्षण गर्दा प्रयोग गर्न सकिने उपयुक्त विधिहरू, कविता क्षेत्रमा समावेश हुने विधाको क्षेत्र, क्रम, उपयुक्तता, भावविधान, लयविधान जस्ता कुराहरूमा चर्चा गरिएको पाइँदैन ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कार्यको प्रमुख लक्ष्य नै कविता शिक्षणका माध्यमबाट विद्यार्थीमा भाषिक सिप विकासका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन गर्नु भएकाले यस अध्ययनलाई कविता शिक्षणका विधिहरूमा सीमित गरिएको छ ।

साहित्यको पद्य विधा अन्तर्गत पर्ने कविता शिक्षणका विधिहरूको मात्र विश्लेषण गर्नु त्यसमा पनि माध्यमिक तहको कक्षा–१० को नेपाली किताबमा समावेश गरिएको कविताहरूको शिक्षण गर्ने क्रममा अपनाइएका शिक्षण क्रियाकलापमा मात्र केन्द्रित हुनु यस अध्ययनको मुख्य सीमा रहेको छ।

त्यस्तै इलाम जिल्लाका भगवती मा. वि, आदर्श नमुना उ.मा .वि. श्री शन्ति निकेतन उ.मा.वि. श्री बीरेन्द्र मा.वि., श्री करफोक विद्या मन्दिर उ.मा.वि., अमर उ. मा. वि., सरस्वती उ. मा. वि., जनक उ. मा. वि., फिक्कल उ. मा. वि., श्री कृष्णाश्रम उ. मा. वि. गरी १० वटा सरकारी विद्यालय र एभरल्याण्ड इन्टरनेशनल एकेडेमी, न्यू सनराइज अङ्ग्रेजी बोर्डि▪ स्कुल, पञ्चकन्या आवसीय विद्या मन्दिर, ग्रीन भ्याली एकेडेमी, प्रज्ञा सदन बोर्डि▪ स्कुल, हेरीटेन नेशनल एकेडेमी, इलाम विद्या मन्दिर, मन्टेश्वरी मा. वि., ज्योति विद्या मन्दिर, ज्योति सदन बोर्डि▪ स्कुल गरी जम्मा

१० वटा निजी विद्यालयहरू गरी जम्मा २० वटा विद्यालयका कक्षा दसमा नेपाली शिक्षण गर्ने शिक्षकहरू मात्र अध्ययनको क्षेत्रभित्र रहेका छन्। उपयुक्त सीमाभित्र यो शोधकार्य सीमित रहेको छ।

## १.७ अध्ययनको औचित्य

भाषाको सन्तुलित शिक्षणबाट नै विद्यार्थीमा भाषिक सीपहरूको विकास गराउन सकिन्छ। त्यसका साथै पाठ्यक्रमले अपेक्षा गरे अनुरुपका उदेृश्यहरू हासिल हुन सक्छन्। विद्यार्थीमा भाषिक सीप विकास गर्नका लागि भाषा शिक्षणका विधिहरूलाई उपयुक्त तरिकाले अवलम्बन र अभ्यास अपरिहार्य रहन्छ । कविता के हो ? भाषिक सीप विकासमा कविताको के महŒव रहन्छ ? यसको शिक्षण्को लागि के कस्ता शिक्षण विधि र शिक्षण क्रियाकलापहरूको आवश्यक्ता हुन्छ ? यसको बारेमा यर्थाथ अध्ययन विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । त्यस्तै कक्षा दस मा विधा शिक्षण अन्तर्गत कविता शिक्षणको अवस्था कस्तो रहेको छ ? जस्ता कुराको खोज र विश्लेषण गर्ने कार्यमा यस अध्ययन कार्य सम्बन्धित भएकाले यसको औचित्य महŒवपूर्ण रहेको छ।

कविता शिक्षण गर्दा कस्ता शैक्षिक क्रियाकलाप र विधिको छनौट गर्नुपर्छ भन्ने कार्यमा केन्द्रित यस शोधपत्र सम्पूर्ण भाषा शिक्षकहरूका लागि समेत महŒवपूर्ण मार्गदर्शक बन्न सक्ने देखिन्छ ।

यस अध्ययनको निष्कर्षबाट शिक्षकहरूलाई उपयुक्त शिक्षण विधि र क्रियाकलापहरू अवलम्बन गर्न सहयोग पुग्ने देखिन्छ । त्यस्तै प्रस्तुत शोधकार्यमा कक्षा

दसमा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधि प्रयोग गर्न सकिने शिक्षण विधिको अध्ययन अपनाउँदा सरल र सहज तरिकाले बाल बालिकामा कविता शिक्षणको उद्देश्य हासिल गराउन सकिन्छ भन्ने बारेमा अध्ययन गर्ने भएकाले यस अध्ययनको महŒव स्वतः पुष्टि हुने देखिन्छ ।

## १.८ शोधविधि

प्रस्तुत अध्ययन कार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित भएकाले शोधपत्र तयार पार्ने क्रममा जनसङ्ख्या तथा नमुनाको छनौट गरी प्रश्नावली र कक्षा अवलोकन फारमका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ। उक्त सामग्रीको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ। यस क्रममा अवलम्बन गरिएको विधि प्रविधिहरूको उल्लेख तल गरिएको छ।

### १.८.१ जनसङ्ख्या तथा नमुना

यस अध्ययन कार्यमा जनसङ्ख्याको रुपमा इलाम जिल्लाका १० वटा सरकारी र १० वटा निजी विद्यालयका कक्षा दशमा नेपाली भाषा अध्यापन गरिरहेका जम्मा २० जना शिक्षकहरूलाई लिइएको छ।

यसरी नमुना छनौट गर्ने क्रममा इलाम जिल्लाका शहरी तथा ग्रामीण क्षेत्रका ५ वटा सरकारी र ५ वटा निजी विद्यालयहरूलाई छनौट गरिएको छ।

### १.८.२ सामग्री निर्माण

यस शोधपत्र तयार पार्नका लागि सर्वप्रथम शिक्षक प्रश्नावली फारम र कक्षा अवलोकन फारम तयार पारियो। प्रश्नावलीमा कविता विधा र यसको शिक्षण विधिसँग सम्बन्धित गरी जम्मा १७ वटा बन्द किसिमका प्रश्नहरू समावेश गरियो। अवलोकन फारममा क्रियाकलापहरूलाई उत्तम माध्यम र निम्न गरी तीन किसिमका शीर्षकमा राखियो। यसरी अवलोकन फारम निर्माण गर्दा शिक्षकहरूले भरेका सैद्धान्तिक प्रश्नावलीसंग मिल्दाजुल्दा व्यवहारिक प्रश्नहरू अवलोकन फारममा

समावेश गरियो। यसैका आधारमा शिक्षकका सैद्धान्तिक र व्यवहारिक पक्षबीच समानता रहे नरहेको थाहा पाउन सकिने खालको अवलोकन फारम तयार पारियो।

### १.८.३ पूर्वपरीक्षण

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनका लागि तयार पारिएका प्रश्नहरू के-कति उपयुक्त छन् भन्ने जानकारीका लागि प्रश्नावली फारमहरू नमुना छनौट मध्ये सरकारी विद्यालयका २ जना र निजी विद्यालयका २ जना शिक्षकहरूलाई प्रश्नावली भराई पूर्वपरीक्षणका रुपमा प्रारम्भिक अध्ययन गरियो। यस अध्ययनको नतिजा शोध निर्देशक र अन्य विषय विशेषज्ञहरूको सुझावहरू आधारमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमहरूका प्रश्नहरूमा केही हेरफेर गर्नुका साथै पहिलाका १४ वटा प्रश्नहरूमा ३ वटा शिक्षण विधिसंग सम्बन्धित अझ थप गरी शिक्षण प्रश्नहरूलाई १७ वटा बनाइयो। शिक्षकहरूले प्रश्नावली भर्दा यर्थाथ व्यवहार लुकाउने गरेकाले अध्ययनकर्ताले सम्भव भएसम्म पूर्व जानकारी नदिई कक्षा अवलोकन गर्ने कार्य अगाडि बढाउनु पर्ने देखियो। त्यस्तै शिक्षकहरूले दिने सैद्धान्तिक उत्तर र व्यवहारिक क्रियाकलापहरूबीच तालमेल भए नभएको हेर्न प्रश्नावली फारमका प्रश्नसगँ मिल्ने खालका शीर्षकहरू शिक्षक अवलोकन फारममा पनि समावेश गरियो।

### १.८.४ तथ्यको सङ्कलन

सामग्री सङ्कलन पश्चात् पुस्तकालीय विधिका माध्यमबाट कविता शिक्षणको सैद्धान्तिक चर्चा गर्नुको साथै प्राप्त तथ्यलाई चार्टमा क्रमैसँग मिलाएर उतारी विश्लेषण गरियो। उक्त विश्लेषणका आधारमा प्राप्त नतिजालाई प्रतिशतमा देखाइयो। उक्त क्रममा तथ्याङ्कलाई सकेसम्म छुट्टाछुट्टै विश्लेषण गरियो।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधकार्यको रुपरेखा यस प्रकार रहेको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : कविता शिक्षण विधिहरूको सैद्धान्तिक परिचय

अध्याय तीन : व्याख्या तथा विश्लेषण

अध्याय चार : निष्कर्ष र सुझाव

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## अध्याय - दुई

# कविता शिक्षण विधिको सैद्धान्तिक परिचय

### २.१ कविता विधाको परिचय

कविता साहित्यको एक पुरानो र महŒवपूर्ण विधा हो । यसलाई साहित्यको विभिन्न हाँगाहरूमध्ये एक हाँगाको रुपमा हेर्न सकिन्छ । यसको पुरानो परम्परागत नाम पद्य हो । प्राचीन समयमा पनि यो विधा समृद्ध रहेको पाइन्छ । लोक जीवनमा प्रचलित लोकगीतबाट कविता विधाको विकास भएको देखिन्छ । लय प्रधान र अत्यन्त कोमल विधाका रुपमा कवितालाई लिइन्छ । यसले मानवीय भावनाको सहज

अभिव्यक्ति दिने काम गर्दछ । लय र भावको उचित संयोजनबाट जन्मने कवितामा भाव, कल्पना र बुद्धित्व मिसिएको हुन्छ । जीवनमा अनेक अनुभूतिहरू कवितामा लयात्मक पारामा उनिएका हुन्छन् । कविताले मानव हृदयलाई आनन्दानुभूतिका साथै भावनाको विकास बौद्धिक परिष्कार र नवीन चिन्तनको विकास गर्न समेत सहयोग पुऱ्याउँछ ।

कवितालाई पद्य र गद्य गरी २ किसिमले बर्गीकरण गरेको पाइन्छ । पद्य कविता भन्नाले शास्त्रीय नियममा बाँधिएर रचिएका कविता भन्ने बुझिन्छ । यस्ता कवितामा शास्त्रीय छन्द र नियमका अनुशासनमा रहेर रचिएका हुन्छन् । पद्य कवितालाई छन्दबद्ध कविता र गद्य कवितालाई मुक्त छन्दका कविता भन्ने प्रचलन पाइन्छ । गद्य कविता भन्नाले कुनै शास्त्रीय नियममा नबाँधिई स्वतन्त्र रुपले रचिएका कविता भन्ने बुझिन्छ । यस्ता कविता स्वच्छन्द रुपले रचिएका हुन्छन् । यस कवितामा बाहिरी रुपमा लय नदेखिए पनि आन्तरिक रुपमा लयात्मकता रहेको हुन्छ । गद्य कवितामा मुक्त छन्दको प्रयोग हुन्छ । आजकल सजिलोको लागि पद्य कविता भन्दा गद्य कविता नै बढी रचना गर्ने गरेको पाइन्छ ।

कविता शिक्षणको माध्यमबाट विद्यार्थीमा भाषिक सीप विकास गराउन अति उपयोगी हुने भएकाले विद्यालयको प्रारम्भिक कक्षा - १ देखिनै विश्व विद्यालयको उच्च स्नातकोत्तर तहसम्म यसको शिक्षण गरिन्छ । विशेष गरी तल्ला कक्षाहरूमा विद्यार्थीको उच्चारण, लयात्मक अभिव्यक्ति, पढाइमा रुचि जगाउने जस्ता पक्षमा जोड दिएर कविता शिक्षण गरिन्छ । यस अध्यायमा कविता शिक्षणका यिनै पक्षहरूमा केन्द्रित रहेर कविता शिक्षणमा प्रयोगमा ल्याउन सकिने विधिहरूको चर्चा गरिएको छ।

## २.२ कविता शिक्षणको आवश्यकता र क्रम

साहित्यका विभिन्न विधाहरूमध्ये कविता सशक्त पद्य विधा मानिन्छ । कविता विधाको अध्ययनबाट विद्यार्थीको अभिव्यक्ति क्षमता, उच्चारण लयात्मक अभिव्यक्ति, भाषिक प्रवाहमयता, सृजानात्मक क्षमता आदि जस्ता पक्षहरूको विकास हुन्छ । कविता शिक्षणले भाषा सिकाइलाई सरल र रुचिपूर्ण बनाउने काम गर्दछ । बालबालिकाको भावनालाई परिष्कार गर्दछ । त्यस्तै देशप्रेम, सद्भावना, दया,

सहानुभूति र असल चरित्रको विकास गर्न मद्दत गर्दछ । तसर्थ बालबालिकाको चरित्र निर्माण, विचारमा परिष्कार आदि कामका लागि कविता शिक्षणको गहन भूमिका रहन्छ । भाषा शिक्षणलाई उत्पादनशील र सृजनशील बनाउन कविता शिक्षणले प्रशस्त मद्दत पुऱ्याउँछ ।

कविता विधालाई साहित्यका अन्य विधाबाट छुट्याउने प्रमुख तत्व भनेकै लय विधान हो । कवितामा रहेको आकर्षक लयले विद्यार्थीहरूमा कविताप्रति चाख बढाउँछ । कविता शिक्षण गर्दा लय मिलाएर वाचन गर्न सिकाउनु पर्छ । उनीहरूले बुझ्ने गरी सरल किसिमले कविताको भाव र अर्थ बुझाउनु पर्छ । कवितामा रहेको आकर्षक शैलीले विद्यार्थीहरूको कविताप्रति चाख बढ्ने हुन्छ । कविताको आस्वादन गराउने कार्यमा विशेष जोड दिएर कविता शिक्षण गराउनु पर्दछ ।

कविता शिक्षण गर्दा पाठ्यकविताका बारेमा सामान्य परिचय दिएर विद्यार्थीलाई पाठ्यवस्तु तर्फ आकर्षित गर्न पर्दछ । त्यसपछि कविताका कठिन शब्दहरू खोज्न लगाई अर्थ बताइदिनु राम्रो हुन्छ । यस क्रममा शब्दहरूको अर्थ पर्यायवाची परिभाषा दिएर, आशय बताएर, बस्तुचित्र आदि युक्तिको उपयोग गर्नु पर्छ । कठिनाइ निराकरणपछि शिक्षकले पाठ्यकविता गति यति र लय मिलाएर आदर्श पाठ गर्नुपर्छ अनि विद्यार्थीलाई सोही अनुसार अनुकरण वाचन गराउनु पर्छ । कविताको वाचनपछि कविताका बारेमा मौखिक प्रश्नोत्तर गराई समस्याको समाधान गर्दै जानु राम्रो हुन्छ । त्यसपछि कविताको भावार्थ बताइदिने र शिक्षणको अन्त्यमा कविताका बारेमा विभिन्न प्रश्न गरी मूल्याङ्कन कार्य गर्नु विधा शिक्षणका दृष्टिले उपयुक्त मानिन्छ ।

कविता शिक्षणले विद्यार्थीमा लय र भाव, लयका साथै सस्वर वाचन, सृजनात्मक लेखन, उदात्त भावना, उच्चारण, शब्द भण्डार तथा वाक्य रचना जस्ता सीप विकास गराउन सघाउँछ । त्यस्तै विद्यार्थीहरूको व्यक्तित्व, कल्पना शाक्ति, छन्द, कविताप्रति रुचि आदि पक्षको विकासको लागि कविता शिक्षणको आवश्यक्ता पर्दछ । यस्ता सीपहरू प्रारम्भिक कक्षादेखि नै विकास गर्दै लानु पर्ने अत्यावश्यक देखिन्छ साथै यसको प्रभाव माथिल्लो कक्षामा समेत पर्दै जान्छ ।

## २.३ कविता शिक्षण विधि

भाषाका अन्य विधि शिक्षणका तुलनामा कविता शिक्षण जटिल मानिन्छ। यसको शिक्षण गर्दा गति, यति र लय मिलाएर वाचन गर्ने । कविताका प्रत्येक पङक्तिको भाव स्पष्ट पार्ने, कविताको रस, छन्द आदि पक्षमा ख्याल गर्ने आदि कुरा महŒवपूर्ण पक्षका रुपमा रहन्छन्। प्रभावकारी रुपमा कविता शिक्षण गर्नका लागि अपनाइने तरिका वा पद्धतिलाई नै कविता शिक्षण विधि मानिन्छ। विशेष गरी तल्ला कक्षाहरूमा कविता शिक्षणको कुनै एक विधिमा मात्र जोड दिई शिक्षण गराउनु त्यति प्रभावकारी देखिदैन। यस तहमा शिक्षण विधिका तुलनामा यसका क्रियाकलापहरूमा जोड दिदै शिक्षण क्रियाकलाप गराउनु उपयूक्त मानिन्छ। शिक्षण विधि र क्रियाकलाप एक अर्कासँग सम्बन्धित कुरा भएकाले क्रियाकलाप मुखी शिक्षण गर्दा स्वतः रुपमा विधिको उपयोग भइरहेको हुन्छ। कविता शिक्षण गर्दा विधार्थीहरूमा गति, यति र लय मिलाई वाचन गर्ने सीपको विकास गर्नु महŒवपूर्ण मानिन्छ। त्यस्तै कविताको भावार्थ वोध गराउने, हरेक अंशको अर्थ अनुसार प्रासङ्गिक ब्याख्या गर्न सिकाउने र अन्य कविताका तुलनामा पाठ्य कविताको समीक्षा गर्ने कार्यमा शिक्षण विधिहरूको महŒवपूर्ण स्थान रहन्छ। कविता शिक्षणका लागि गीत तथा अभिनय विधि, अर्थवोध विधि, व्याख्याविधि, खण्डान्वय विधि, व्यास विधि, तुलना विधि, र समीक्षा विधि आदि बढी प्रचलित मानिन्छन्। यस बाहेक छलफल तथा कुराकानी, मौन पढन, सस्वर पढन, चित्र खेल आदि विधिहरूलाई पनि तह अनुसार उपयोग ल्याउन सकिन्छ। कविता शिक्षण गर्दा अपनाइने विधिहरूको सामान्य चर्चा तल प्रस्तुत गरिएको छ।

### २.३.१ गीत अभिनय विधि

कविता शिक्षण गर्दा गीतको लयमा गएर र संवादयुक्त अशंहरूको अभिनय गरेर सिकाउने विधिलाई गीत तथा अभिनय विधि भनिन्छ। यस विधिमा कविताको अर्थ भन्दा लय र तालमा जोड दिइन्छ। अभिनय प्रधान अंशहरूमा उचित आङ्गिक चेष्टाद्वारा कविताको शिक्षण गरिन्छ। स- साना विधार्थीहरू विशेषतः प्राथमिक तहका बालबालिकाहरूलाई कविता शिक्षण गर्दा यो विधि प्रभावकारी हुन्छ। माध्यामिक तहका विधार्थीहरूलाई गीत तथा अभिनयको आनन्दले कविता प्रति आकर्षित गर्न सकिन्छ।

यस विधिद्धारा कविता पढाउँदा शुरुमा शिक्षकले गीतको शैलीमा हाउभाउ पूर्ण तवरले कविताको वाचन गर्दछन् । पछि पछि विद्यार्थीलाई त्यसको अनुकरण गर्न लगाइन्छ । त्यसपछि विद्यार्थीलाई सामूहिक रुपमा गीतको लयमा कविता पढन लगाइन्छ । अन्त्यमा एकला-एक्लै पढ्न लगाई विता शिक्षण गरिन्छ । यो तरिकाबाट शिक्षण गर्दा विद्यार्थीहरू सजिलो अनुभव गर्दछन् ।

### २.३.२ अर्थबोध विधि

प्रत्येक पङक्तिको अर्थ बुझाउँदै कविता शिक्षण गरिने विधिलाई अर्थबोध भनिन्छ। यस विधिले कविताका अन्य पक्षहरूलाई उपेक्षा गरी अर्थलाई मात्र महŒव दिने हुदाँ कविता शिक्षणका दृष्टिले अवैज्ञानिक र शिक्षक केन्द्रित देखिन्छ। तर विधालयहरूमा कविता शिक्षणका क्रममा उपयोग हुँदै आएको हुँदा शिक्षण विधिका रुपमा चर्चा गरिएको छ।

### २.३.३ खण्डान्वय विधि

कविता प्रयोग भएका शब्द वा प्रसङ्ग अनुसार प्रश्न गदै शिक्षण गरिने विधिलाई खण्डान्वय विधि भनिन्छ। यसलाई प्रश्नोत्तर विधि पनि भनिन्छ। शर्मा र पौडेल (२०६०) भावको गहनता र विश्लेषणको प्रचुरता रहेको कविता शिक्षणमा यो विधि उपयोगी मानिन्छ। शब्दहरूको विशिष्ट अर्थ र विधार्थी सक्रियतामा यो विधिलाई उपयोगी मानिन्छ।

### २.३.४ तुलनात्मक विधि

कुनै पाठ्य सामग्रीमा पाठ्यकविता शिक्षण गर्दा एउटै कविका उस्तै भाव भएका कविताहरूबीच तुलना गदै शिक्षण गरिने विधिलाई तुलनात्मक विधि भनिन्छ। यस क्रममा कविताहरूबीच समानता र असमानताहरूको पहिचान गरिन्छ। खास गरी माथिल्ला कक्षाहरूमा प्रभावकारी यस विधिबाट विधार्थीका तर्क शक्ति र विवेचना

शक्तिको विकास गर्नुका साथै पढिसकेका कविताहरूका आधारमा तुलना गर्ने र कविता प्रति रुचि जगाउन समेत सकिने हुँदा तल्ला कक्षामा पनि उपयोगी नै मानिन्छ।

### २.३.५ व्याख्या विधि

कविता हरेक अंशका विस्तृत रुपमा व्याख्या गरी शिक्षण गरिने विधिलाई व्याख्या विधि भनिन्छ। यस क्रममा रस, छन्द, अलङ्कारका साथै आवश्यक स्थानमा उदाहरण पनि दिने गरिन्छ। यो विधि विशेषतः माथिल्ला कक्षामा बढी उपयोगी हुन्छ।

## २.४ कक्षा दसमा कविता शिक्षणका लागि उपयूक्त विधिहरू:

कविता शिक्षणका लागि माथि उल्लेखित विधिहरूको धेरैथोरै प्रयोग गर्न सकिए पनि कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कविताहरूको शिक्षणमा अपनाउन सकिने विधिहरूको चर्चा तल प्रस्तुत गरिएको छ।

### २.४.१ लयबोध विधि

कविता शिक्षण गर्दा गीत वा छन्दको लयमा सिकाउने विधि लयबोध विधि हो । यसमा कविताको अर्थभन्दा लय र तालको प्रधानता रहन्छ । कक्षा १० सम्मका विद्यार्थीहरू किशोर किशोरी अवस्थाका हुने हुँदा बढी संगीतप्रिय हुन्छन् । यस विधिबाट शिक्षण गर्दा उनीहरूले प्रभावकारी तवरले सिक्न सक्छन् । यस विधिबाट सिकाउँदा कक्षाको शुरुमा शिक्षकले छन्द वा गीतको शैलीमा कविता वाचन गरी विद्यार्थीलाई अनुकरण गर्न लगाउनु पर्छ । त्यसपपिछ विद्यार्थीलाई सामूहिक रुपमा वाचन गर्न लगाउने र अन्त्यमा एकल वाचन गराउनु राम्रो मानिन्छ।

### २.४.२ छलफल विधि

कक्षा शिक्षणका क्रममा कुनै पनि विषयवस्तु, समस्या वा प्रश्नका बारेमा समूहमा बसी विचार विमर्श गर्ने विधिलाई छलफल विधि भनिन्छ । यसरी शिक्षण गर्दा विद्यार्थीलाई समूह-समूहमा विभाजित गरी छलफलबाट आएका कुराका निष्कर्ष

निकालिने हुनाले विद्यार्थीमा आफूलाई लागेका कुरा भन्ने एक अर्काबीचमा विचारको आदान-प्रदान गर्ने जस्ता सीपको विकास हुन जान्छ । यसैले कक्षा १० को विद्यार्थीहरूलाई पनि कविताका श्लोकका भावलाई बुँदागत रुपमा छलफल गराउँदै कविता सिकाउन सकिने हुनाले यो विधि कविता शिक्षणमा प्रभावकारी मानिन्छ ।

### २.४.३ प्रश्नोत्तर विधि

कक्षा शिक्षकले प्रश्न गर्दै जाने र विद्यार्थीहरूबाट उत्तर लिने साथै गलत उत्तर सच्याउँदै जाने शिक्षण प्रक्रियालाई प्रश्नोत्तर विधि भनिन्छ । कक्षा १० मा कविता शिक्षण गर्दा पाठ्य कवितालाई सरस्वर र मौन पठन गर्न लगाएपछि छोटा प्रश्नहरू सोँधी उत्तर भन्न लगाएर शिक्षण गर्दा अन्य विधिमा भन्दा शिक्षक र विद्यार्थी दुबै बढी सक्रिय हुने हुनाले महŒवपूर्ण विधिका रुपमा लिइन्छ ।

### २.४.४ व्याख्यान विधि

कविता शिक्षणका क्रममा व्याख्यान विधि निकै प्रचलित र प्रयोगमा रहेको विधि मानिन्छ । यस विधिबाट कविता शिक्षण गर्दा कवितांशहरू शिक्षक आफैले पढेर वा विद्यार्थीहरूलाई पढ्न लगाएर उक्त अंशका बारेमा व्याख्या विश्लेषण गर्दछन् ।

विषयवस्तुको उचित ज्ञान दिन र छोटो समयमा धेरै विषयवस्तु सिकाउनु परेमा यो विधि उपयोगी हुन्छ । शिक्षक केन्द्रित विधि भएकाले यस विधिबाट शिक्षण गर्दा विद्यार्थीहरूको सक्रियता भने कम रहने देखिन्छ । जेहोस हाम्रा विद्यालयहरूमा कक्षा १० को कविता शिक्षण गर्दा अर्थको समेत बोध हुन सक्ने हुँदा यो विधि उपयोगी विधि मानिन्छ ।

### २.४.५ श्रुतिबोध तथा श्रुतिलेखन विधि

विद्यार्थीहरूलाई सुनेका आधारमा शब्द, पदावली, वाक्य आदि लेख्न अभ्यास गराएमा भाषाको लेख्य सीपको विकास हुन्छ । शिक्षकले कविता गति, यति र लय मिलाएर वाचन गरेपछि अर्थ बताई सकेपछि विद्यार्थीलाई सुनेर बुझेको आधारमा लेख्न

लगाइन्छ । यसरी कक्षा दसमा कविता शिक्षण गर्दा विद्यार्थीमा लेखन सीपको विकास हुनुका साथै विषयवस्तुलाई ध्यान पूर्वक वा  रुचिपूर्ण सुन्ने बानीको पनि विकास हुने देखिन्छ ।

### २.४.६ चित्र  तथा श्रव्य सामग्रीको प्रयोग विधि

कक्षा दसमा कविता शिक्षण गर्दा आवश्यकता अनुसार विषय वस्तुसंग सम्बन्धित चित्र वा फोटो देखाएर पनि भावबोध गराउन सकिने हुँदा यो तरिका पनि उपयोगमा ल्याउन सकिन्छ । त्यस्तै श्रव्य सामग्री उपलब्ध हुन सक्ने अवस्थामा कवितालाई संगीतात्मक तरिकाले छन्द र लयमा रेकर्ड गरेर विद्यार्थीलाई सुनाउँदा कविता शिक्षण अझ प्रभावकारी बन्न सक्ने देखिन्छ ।

## २.५ सारांश

कविता (भाषा) शिक्षणको क्रममा माध्यमिक कक्षाहरूमा भाषाका चारवटै सीपहरूको सन्तुलित विकासका लागि कविता शिक्षणको महŒवपूर्ण स्थान रहन्छ । कक्षा दसमा कविता शिक्षण  गर्दा शिक्षणका साथै विधिहरूको उपयोग गर्न सकिन्छ । तर यसका अलवा गीत तथा छन्द विधि,    अभिनय विधि तथा नाटक विधि, छलफल विधि, प्रश्नोत्तर विधि, श्रुतिबोध तथा श्रुतिलेखन विधि, चित्र तथा श्रव्य सामग्री प्रयोग विधि आदिको पनि उपयोग गर्न सकिन्छ । कविता शिक्षणको क्रममा कुनै एउटा विधिको मात्र उपयोग गरेर पूर्ण रुपमा शिक्षण हुन नसक्ने हुँदा आवश्यक्तानुसारको एउटै कविता शिक्षण गर्दा पनि एक भन्दा बढी विधिको उपयोग गर्नु पर्ने देखिन्छ । शिक्षण विधिको सही प्रयोग गरेर शिक्षण गर्न सकेमा कविता शिक्षण प्रभावकारिता हुने देखिन्छ । प्रस्तुत शोधकार्य यिनै कक्षा दसमा उपयोग गरिएका शिक्षण विधिहरूको प्रभावकारिताको बारेमा केन्द्रित भएकाले माथि चर्चा भएका शिक्षण विधिहरूको प्रयोग सम्बन्धि चर्चा आउँदो अध्यायमा गर्ने प्रयास गरिएको छ ।

# अध्याय - तीन

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

## ३.१ परिचय

यस शोधकार्यमा कविता शिक्षण गर्दा प्रयायेग गरिने शिक्षण विधिहरूको अध्ययनमा व्याख्या तथा विश्लेषण गर्ने कार्य गरिएको छ । व्याख्या तथा विश्लेषण अन्तर्गत निजी तथा सरकारी विद्यालय र तिनका शिक्षकहरूले कक्षा दसमा कविता शिक्षण गर्दा उपयोग गरेका शिक्षण विधि शिक्षक प्रश्नावली फारमको नतिजाको विश्लेषण, सरकारी विद्यालय र निजी विद्यालयको कक्षा अवलोकन फारमबाट प्राप्त गरेको तथ्याङ्क र त्यसको नतिजाको विश्लेषण आदि कुराहरू समेटिएका छन् । उक्त क्रममा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक बीच तुलना पनि प्रस्तुत गरिएको छ । साथै प्रश्नावली र कक्षा अवलोकन फारमको शीर्षकगत तुलना र अध्ययनको

अन्त्यमा सारांश राखिएको छ।

## ३.२ विद्यालय र तालिम प्राप्त शिक्षकको विवरण

इलाम जिल्लाका सरकारी र निजी विद्यालय गरी जम्मा २० वटा विद्यालयहरूको शिक्षक तालिमको स्थिति निम्नानुसार रहेको पाइयो :

**तालिका नं. १**

तालिम प्राप्त र अप्राप्त शिक्षकको प्रतिशत

| विद्यालयको नाम | शिक्षकको किसिम | | | | जम्मा विद्यालय |
|---|---|---|---|---|---|
| | तालिम प्राप्त | | तालिम अप्राप्त | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| सरकारी विद्यालय | ८ | ८० | २ | २० | १० |
| निजी विद्यालय | ६ | ६० | ४ | ४० | १० |
| जम्मा | १४ | ७० | ६ | ३० | २० |

स्रोतः प्रश्नावली

अध्ययनको लागि छनौट गरिएका विद्यालयहरूमा सरकारी विद्यालय १० र निजी विद्यालय पनि १० वटै गरी जम्मा २० वटा रहेको छन् । २० जना नेपाली शिक्षकहरूमा तालिम प्राप्त शिक्षकहरू सरकारी विद्यालयका ८ जना र निजी विद्यालयका ६ जना गरी जम्मा १४ जना रहेका छन् । तालिम अप्राप्त शिक्षकहरू पनि सरकारी विद्यालयका २ जना र निजी विद्यालयका ४ जना गरी जम्मा ६ जना रहेका छन् । यहाँ तालिम प्राप्त शिक्षक भनेर नेपाल सरकारबाट १० महिने तालिम लिएका अथवा शिक्षा विषयका प्रमाण-पत्र तह, स्नातक तह र स्नाकोत्तर तह

उत्तीर्ण गरेका शिक्षकहरूलाई लिइएको छ । उक्त तथ्याङ्क अनुसार सरकारी र निजी गरी जम्मा तालिम प्राप्त शिक्षक ७०% र तालिम अप्राप्त ३०% रहेको देखिन्छ ।

### ३.३ शिक्षक प्रश्नावली र अवलोकन फारमबाट प्राप्त तथ्यांकको विश्लेषण

#### ३.३.१ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्यांकको विश्लेषण

प्रस्तुत अध्ययनमा जम्मा १७ वटा बहुबैकल्पिक प्रश्न समावेश गरिएको शिक्षक प्रश्नावली फारम शिक्षकहरूलाई भर्न लगाइएको थियो । यिनै विविध शीर्षकगत प्रश्नबाट प्राप्त उत्तरलाई प्रतिशतमा देखाइएको छ र उक्त नतिजाको विश्लेषण गरिएको छ ।

### ३.३.१.१ पाठ योजना

कविता शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. -२**

सरकारी तथा निजी विद्यालयका शिक्षकबीच तुलना :

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८० | २० | १०० | ९० | १० | १०० |

स्रोतः प्रश्नावली

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरू मध्ये ८ जना (८०%) ले पाठयोजना बनाउने बताए भने २ जना (२०%) ले नबनाउने बताए । निजी विद्यालयका शिक्षकहरूको पनि १० जना शिक्षकहरू मध्ये ९ जना (९०%) ले भने पाठयोजना नबनाउने बताए ।

**तालिका नं. -३**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकबीचको तुलना :

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ११ | ३ | १४ | ६ | | ६ |
| ७९% | २१% | १००% | १००% | | १००% |

स्रोतः प्रश्नावली

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तथ्यांकलाई हेर्दा तालिम अप्राप्त सबै शिक्षकहरूले पाठयोजना बनाउने भने तालिम प्राप्त ११ जना (७९%) ले बनाउने र ३ जना (२१%) ले नबनाउने बताए ।

माथिका प्रश्नावलीबाट प्राप्त तथ्यांकहरूलाई हेर्दा सरकारी विद्यालय भन्दा निजी विद्यालयका शिक्षकहरू मध्ये बेही बढीले पाठयोजना बनाएको पाइयो भने तालिम अप्राप्त कुनै पनि शिक्षकले पाठयोजना नबनाउने बताएकोले उनीहरूलाई

भन्दा तालिम प्राप्त शिक्षकहरूलाई पाठयोजा सम्बन्धी ज्ञान दिनुपर्ने देखियो । त्यस्तै शिक्षकहरूलाई पाठयोजना देखाउन लगाउँदा अधिकांश शिक्षकहरूले पाठयोजना नै बनाएको पाइएकाले उनीहरूले पाठयोजना प्रति लापरबाही गरेको पाइयो ।

### ३.३.१.२ कविता शिक्षणको उद्देश्य

कक्षा दसको नेपाली किताबमा समाविष्ठ कविताहरू शिक्षण गर्दा भाषिक सीप विकास र साहित्यिक रसास्वादन मध्ये कुन उद्देश्य राखेर कविता शिक्षण गर्न आवश्यक ठान्नु हुन्छ ? भन्ने सम्बन्धमा प्रश्नावलीबाट प्राप्त तथ्यांकहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. ४**

सरकारी र निजी विद्यालयका शिक्षकबीच तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सिप | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सिप | साहित्यिक रसास्वादन | जम्मा |
| २ | ८ | १० | ४ | ६ | १० |
| २०% | ८०% | १००% | ४०% | ६०% | १००% |

स्रोतः प्रश्नावली

उक्त तथ्यांकलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरू मध्ये २ जना (२०%) ले भाषिक सीप विकासका लागि र ८ जना (८०%) ले साहित्यिक रसास्वादनका कविता शिक्षण गर्ने बताए भने, निजी विद्यालयका जम्मा १० जना शिक्षकहरू मध्ये ४ जना (४०%) ले भाषिक सीप विकासका लागि र ६ जान (८०%) ले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए । यसलाईइ हेर्दा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका बढी शिक्षकहरूले भाषिक सीप विकासलाई जोड दिएको देखिन्छ भने निजी विद्यालयका शिक्षकहरूले भन्दा सरकारी विद्यालयका शिक्षकहरूले साहित्यिक रसास्वादनलाई बढी जोड दिएको पाइन्छ ।

**तालिका नं. ५**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| तालिक प्राप्त शिक्षक | तालिम अप्राप्त शिक्षक |
|---|---|

| भाषिक सिप | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप | साहित्यिक रसास्वादन | जम्मा |
|---|---|---|---|---|---|
| २ | १२ | १४ | ४ | २ | ६ |
| १४% | ८६% | १००% | ६७% | ३३% | १००% |

स्रोत: प्रश्नावली

माथिको तथ्यांकलाई हेर्दा तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरू मध्ये २ जना (१४%) ले भाषिक सीप विकासका लागि कविता शिक्षण गर्ने बताए भने १२ जना (८६%) ले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए । तालिम अप्राप्त शिक्षकहरू मध्ये ४ जना (६७%) ले भाषिक सीप विकास र २ जना (३३%) ले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा तालिम प्राप्त शिक्षकहरूमा भाषिक सीप विकासलाई साहित्यिक रसास्वादनलाई बढी जोड दिएको देखिन्छ भने तालिम अप्राप्त शिक्षकहरूमा साहित्यिक रसास्वादनलाई भन्दा भाषिक सीप विकासलाई बढी जोड दिएको देखिन्छ ।

यस प्रश्नावलीको नतिजा अनुसार सरकारी र निजी दुवै विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूलाई हेर्दा पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य पूर्ति हुने किसिमको शिक्षण नरहेको पाइयो । माध्यमिक पाठ्यक्रमले साहित्यिक रसास्वादन तर्फ खासै जोड नदिई भाषिक सीप विकास गराउने नै प्रमुख उद्देश्य लिएकोमा शिक्षकहरूको क्रियाकपाल यसको विपरीत रहेको पाइयो ।

### ३.३.१.३ भाषिक सीप

कविता विधा कुन भाषिक सीप विकासका लागि बढी महŒवपूर्ण मान्नु हुन्छ ? भन्ने प्रश्न गर्दा शिक्षक प्रश्नावली फारमबाट तथ्याङ्कहरू तल प्रस्तुत गरिएको छ ।

तालिका नं.- ६

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| सुनाइ- बोलाइ | पढाइ-लेखाइ | जम्मा | सुनाइ- बोलाइ | पढाइ-लेखाइ | जम्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ४ | १० | ६ | ४ | १० |
| ६०% | ४०% | १००% | ६०% | ४०% | १००% |

स्रोतः प्रश्नावली

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका ६ जना (६०%) ६ जना (६०%) शिक्षकहरूले कविता शिक्षण गर्दा सुनाइ र बोलाइलाई महŒवपूर्ण मन्ने गरेको पाइयो भने ४ जना (४०%) शिक्षकहरूले पढाइ र लेखाइलाई महŒवपूर्ण मानेको पाइयो ।

**तालिका नं. - ७**

तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| सुनाइ- बोलाइ | पढाइ-लेखाइ | जम्मा | सुनाइ- बोलाइ | पढाइ-लेखाइ | जम्मा |
| ८ | ६ | १४ | ४ | २ | ६ |
| ५७% | ४३% | १००% | ६७% | ३३% | १००% |

स्रोतः

प्रश्नावली

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूलाई तुलना गर्दा तालिम प्राप्त ८ जना (५७%) ले सुनाइ बोलाइमा जोड दिएको पाइयो भने तालिम अप्राप्त ४ जना (६७%) ले मात्रै सुनाइ र बोलाइमा जोड दिएको पाइयो । उक्त तथ्याङ्क अनुसार तालिम अप्राप्तको तुलनामा तालिम प्राप्त शिक्षकहरूले सुनाइ बोलाइ सीप विकासमा जोड दिएको पाइयो । त्यस्तै तालिम प्राप्त ६ जना (४३%) र तालिम अप्राप्त २ जना (३३%) ले पढाइ र लेखाइमा जोड दिएको पाइयो । यहाँ पनि तालिम अप्राप्तका तुनलामा तालिम प्राप्त शिक्षकहरूले पढाइ र लेखाइ सीप विकासमा जोड दिइएको पाइयो ।

### ३.३.१.४ वाक्यमा प्रयोग

कविता शिक्षण गर्दा शब्दार्थ दिदा वाक्यमा प्रयोग गर्न लगाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेको छ ।

**तालिका नं. ८**

सरकारी र निजी विद्यालयको शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८०% | २०% | १००% | ९०% | १०% | १००% |

स्रोतः प्रश्नावली

यस तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका १०/१० जना शिक्षकहरू मध्ये सरकारी विद्यालयका ८ जना (८०%) ले प्रयोग गर्न लगाउने र २ (२०%) ले नलगाउने । निजी विद्यालयमा भने ९ जना (९०%) ले प्रयोग गर्न लगाउने र १ जना (१०%) ले शब्दार्थ सिकाउँदा वाक्यमा प्रयोग गर्न नलगाउने देखियो । यस तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका शिक्षकले भन्दा निजी विद्यालयका शिक्षकहरूले केही बढी मात्रामा शब्दार्थ सिकाउँदा वाक्यमा प्रयोग गर्न लगाउने देखियो ।

**तालिका नं. ९**

तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना :

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | २ | १४ | ५ | १ | ६ |
| ८६% | १४% | १००% | ८३% | १७% | १००% |

स्रोतः प्रश्नावली

माथिको तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरू मध्ये १२ जना (८६%) ले वाक्यमा प्रयोग गर्न लगाउने बताए भने २ जना (१४%) ले वाक्यमा प्रयोग गर्न लगाउने बताए । तालिम अप्राप्त शिक्षकहरूले वाक्यमा प्रयोग गर्ने सम्बन्धमा ५ जना (८३%) ले प्रयोग गर्न लगाउने र १ जना (१७%) ले वाक्यमा प्रयोग गर्न नलगाउने गरेको पाइयो । यसलाई हेर्दा तालिम प्राप्त र अप्राप्त शिक्षकबीच यस प्रश्नावलीमा खासै फरक भेटिएन ।

### ३.३.१५ गति, यति मिलाई लय वाचन

विद्यार्थीलाई गति, यति मिलाई कविता वाचन गर्न लगाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथयाङ्कहरू यस प्रकार रहेको छ ।

**तालिका नं. १०**

सरकारी विद्यालय र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा |
| १० | २ | १० | १० | | १० |
| १००% | | १००% | १००% | | १००% |

स्रोतः प्रश्नावली

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका शत्प्रतिशत शिक्षकहरूले गति, यति मिलाएर कविता बाचन गर्न लगाउने बताए भने निजी विद्यालयका शिक्षकहरूले पनि शत्प्रतिशत नै  गति यति मिलाई वाचन गर्न लगाउने बताए । यसलाई हेर्दा तालिम प्राप्त अप्राप्त शिक्षकहरूबीच यस प्रश्नावलीमा खासै फरक भेटिएन ।

**तालिका नं. ११**

तालिम प्राप्त र अप्राप्त बीच शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्न लगाउने | गर्न नलगाउने | जम्मा | गर्न लगाउने | गर्न नलगाउने | जम्मा |
| १४ | | १४ | ६ | | ६ |
| १००% | | १००% | १००% | | १००% |

स्रोतः

प्रश्नावली

सरकारी र निजी दुबैका गरी तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये शत्प्रतिशतले र तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमध्ये शत्प्रतिशतले गति यति मिलार्य वाचन गर्ने र विद्यार्थीलाई पनि गर्न लगाउने बताए । यस तालिकामा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले लय वाचन गर्ने गराउने कार्यलाई पूर्ण रुपमा पालन गरेको देखिन्छ । साथै उनीहरूमा कविता लयात्मक विधा भएको कुराको ज्ञान रहेको देखिन्छ ।

### ३.३.१.६ एकल र समूह वाचन

विद्यार्थीलाई लयात्मक वाचन गराउँदा कुन क्रियाकलाप गराउनहुन्छ भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. १२**

सरकारी र निजी विद्यालयका शिक्षकको नमूना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| एकल | समूहगत | जम्मा | एकल | समूहगत | जम्मा |
| २ | ८ | १० | ४ | ६ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०% | ८०% | १००% | ४०% | ६०% | १००% |

स्रोतः

प्रश्नावली

माथिको तथ्याङ्क अनुसार सरकारी विद्यालयमा जम्मा १० जना शिक्षकहरूमध्ये २ जना (२०%) ले एकल वाचन र ८ जना (८०%) ले समूहगत वाचन गर्न लगाउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४०%) ले एकलबाचन र ६ जना (६०%) ले समूहगत वाचन गराउने बताए ।

**तालिका नं. १३**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| एकल वाचन | समूहगत वाचन | जम्मा | एकल वाचन | समूहगत वाचन | जम्मा |
| ४ | १० | १४ | २ | ४ | ६ |
| २९% | ७१% | १००% | ३३% | ६७% | १००% |

स्रोतः प्रश्नावली

माथिको तथ्याङ्क अनुसार तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये ४ जना (२९%) ले एकल वाचन र १० जना (७१%) ले समूहगत वाचन गराउने बताए भने तालिम अप्राप्त शिक्षकहरूमध्ये २ जना (३३%) ले एकल वाचन गर्न लगाउने र ४ जना (६७%) ले समूहगत वाचन गर्न लगाउने बताए पनि अधिकांश तालिम प्राप्त अप्राप्त दुबै शिक्षकहरूले एकल र समूहगत दुवै क्रियाकलाप गराइएको पाइयो ।

### ३.३.१.७ व्याख्यान

कविता शिक्षण गर्दा व्याख्यान विधिको उपयोग गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नको जवाफमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्क :

**तालिका नं. १४**

सरकारी र निजी विद्यालयको शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयको तुलना | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | | १४ | १० | | १० |
| १००% | | १००% | १००% | | १००% |

स्रोतः प्रश्नावली

यस तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये १० जना (शत्प्रतिशत) ले नै व्याख्या वधिको उपयोग गर्ने र निजी विद्यालयका पनि १० जना (१००%) ले नै व्याख्या विधिको उपयोग गरेको पाइयो ।

**तालिका नं. १५**

तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| एकल वाचक | समूहगत वाचक | जम्मा | एकल वाचक | समूहगत बाचक | जम्मा |
| १४ | | १४ | ६ | | ६ |
| १००% | | १००% | १००% | | १००% |

स्रोतः प्रश्नावली

माथिको तथ्याङ्कलाई शिक्षक प्रश्नावलीको आधारबाट हेर्दा तालिम प्राप्त १४ जना र तालिम अप्राप्त ६ जना शिक्षकहरूमा उक्त प्रश्नको उत्तर हेर्दा सरकारी र निजी दुबैले व्याख्या विधिको उपयोग शत्प्रतिशत गर्ने देखियो ।

### ३.३.१.८ बोध प्रश्नोत्तर

कविता शिक्षण गर्दा प्रश्नोत्तर गराउनहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. १६**

शिक्षक प्रश्नावलीबाट तथ्याङ्कको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८०% | २०% | १००% | ९०% | १०% | १००% |

स्रोतः प्रश्नावली

माथिको तालिका अनुसार सरकारी विद्यालयका १० जना शिक्षकहरूमध्ये ८ जना (८०%) ले बोध प्रश्नोत्तर गराउने र २ जना (२०%) ले नगराउने बताए भने निजी विद्यालयका १० जना शिक्षकहरूमध्ये ९ जना (९०%) ले गराउने र १ जना (१०) ले नगर्ने बताए । यसरी हेर्दा शिक्षकहरूको बोध प्रश्नोत्तर गराउने केहीले मात्र नगराउने देखिदा प्रश्नोत्तर विधिको उपयोग गरेकै देखिन्छ ।

**तालिका नं. १७**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगारउने | जम्मा |
| १२ | २ | १४ | ५ | १ | ६ |
| ८६% | १४% | १००% | ८३% | १७% | १००% |

स्रोतः प्रश्नावली

माथिको तालिका अनुसार तालिम प्राप्त १४ जना शिक्षकहरूमध्ये १२ जना (८६%) ले गराउने बताए भने २ जना (१४%) ले नगराने पाइयो । त्यस्तै तालिम

अप्राप्त ६ जना शिक्षकहरूमध्ये ५ जना (८३%) ले गराउने बताए भने १ जना (१७%) ले नगराउने बताए । उक्त तथ्याङ्कलाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त करिब सबै जसो शिक्षकहरूले कविता शिक्षणमा बोध प्रश्नोत्तर गराउन गरेको देखिन्छ भने सरकारी र तालिम प्राप्त शिक्षकहरूले भन्दा निजी विद्यालयका र तालिम अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा प्रश्नोत्तर गराउने गरेको पाइन्छ ।

### ३.३.१.९ सारांश कथन

कक्षामा कविता शिक्षण गर्दा विद्यार्थीलाई कथन गर्न लगाउनु हुन्छ कि हुन्न ? भन्ने प्रश्नमा शिक्षकहरूबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. १८**

शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८०% | २०% | १००% | ९०% | १०% | १००% |

स्रोतः प्रश्नावली

कविता शिक्षणका क्रममा सारांश कथन गराउने वा नगराउने सम्बन्धी प्रश्नमा रकारी विद्यालयका ८ जना (८०%) ले गर्न लगाउने र २ जना (२०%) ले गर्न नलगाउने साथै निजी विद्यालयका ९ जना (९०%) ले गर्न लगाउने र १ जना (१०%) ले गर्न नलगाउने देखियो । माथिको तालिका अनुसार सरकारी विद्यालयका शिक्षकहरूले भन्दा निजी विद्यालयका शिक्षकहरूले केही बढी सारांश कथन गर्न लगाउने देखियो ।

**तालिका नं. १९**

तालिम प्राप्त र तालिमा अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| १३ | १ | १४ | ४ | २ | ६ |
| ९३% | ७% | १००% | ६७% | ३३% | १००% |

स्रोत: प्रश्नावली

माथिको तालिका अनुसार तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये १३ जना (९३%) ले सारांश कथन गर्न लगाउने र १ जना (७%) ले नलगाउने बताए भने तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमध्ये ४ जना (६७%) ले गर्न लगाउने र २ जना (३३%) ले नलगाउने बताए । यस तथ्यलाई केलाउँदा शिक्षकहरूले कविता शिक्षणमा तालिम अप्राप्तले भन्दा तालिम प्राप्त शिक्षकहरूले बढी सारांश कथनमा जोडदिनुको कारण मौखिक क्रियाकलापलाई बढी प्राथमिकता दिएको देखिन्छ ।

### ३.३.१.१० सारांश कथन

कविता शिक्षण गर्दा विद्यार्थीहरूलाई सारांश लेखन गराउन हुन्छ कि गराउनु हुन्न ? भन्ने प्रश्नमा शिक्षकहरूबाट प्राप्त तथ्याङ्कहरू यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. २०**

सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| १० | | १० | १० | | १० |
| १००% | | १००% | १००% | | १००% |

स्रोत: प्रश्नावली

कविता शिक्षणका क्रममा सारांश लेखन गराउने वा नगराउने सम्बन्धि प्रश्नमा सरकारी र निजी विद्यालयका शत्प्रतिशत शिक्षकहरूले गर्न लगाउने बताए । साथै माथिको तालिका अनुसार तालिम प्राप्त र तालिम अप्राप्त सबै शिक्षकहरूले सारांश लेखन गराउने धारण रहेको पाइयो ।

### ३.३.१.११ शिक्षक विद्यार्थीको सक्रियता

शिक्षणका क्रममा विद्यार्थी कति सत्रिलयता गराउनु हुन्छ ? भन्ने प्रश्नको उत्तरमा प्राप्त नतिजा तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१**

सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक बढी सक्रिय | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्मा | शिक्षक बढी सक्रिय | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्मा |
| | ५ | ५ | १० | | ६ | ४ | १० |
| | ५०% | ५०% | १००% | | ६०% | ४०% | १००% |

स्रोतः प्रश्नावली

माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ५ जना (५०%) ले विद्यार्थीको सक्रियता र ५ जना (५०%) ले शिक्षक विद्यार्थी बराबर सक्रियता रहने कुरामा जोड दिए । शिक्षक बढी सक्रियतामा कोही पनि देखिएनन भने निजी विद्यालयका शिक्षकहरू मध्ये ६ जना (६०%) विद्यार्थी सक्रियता र ४ जना ( ४०%) ले शिक्षक विद्यार्थी दुवै बराबर रहने कुरा बताए । निजी विद्यालयका शिक्षकहरूले पनि शिक्षक बढी सक्रियता देखाएनन । प्रश्नावली अनुसार सरकारी विद्यालयका शिक्षकका तुलनामा निजी विद्यालयका शिक्षकहरूले विद्यार्थी सक्रियतामा बढी ध्यान दिएको देखिन्छ।

**तालिका नं. २२**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक बढी | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्मा | शिक्षक बढी | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्म ा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सक्रिय | | | | सक्रिय | | | |
| | ५८ | ६ | १४ | | ३ | ३ | ६ |
| | ५७% | ४३% | १०० % | | ५०% | ५०% | १०० % |

स्रोतः प्रश्नावली

तालिम प्राप्त  तालिम अप्राप्त शिक्षकहरूसंग लिइएको यक्त तथ्याङ्क अनुसार तालिम प्राप्त शिक्षकहरू मध्ये विद्यार्थी बढी सक्रिय रहनेमा १४ जना शिक्षक मध्ये ८ जना (५७%) ले र दुबै सक्रियता रहनेमा ६ जना (४३%) ले बताए भने तालिम अप्राप्त ६ जना शिक्षकहरू मध्ये ३/३ जना शिक्षकहरूले विदार्थी सक्रिय र दुबै बराबर सक्रिय रहेको देखिन्छ ।

### ३.३.१.१२ शिक्षक सहयोगी सामग्री

कक्षा दसमा कविता शिक्षण गर्दा पाठ्यक्रम, दिग्दशृन, शिक्षक निर्देशिका जस्ता सहियोगी सामग्रीको प्रयोग गर्नुहुनछ कि हुन्न ? भन्ने प्रश्नको उत्तरका रुपमा प्राप्त तथ्याङ्कहरू निम्नानुसार रहेका छन् ।

**तालिका नं. २३**

सरकारी र निजी विद्यालयका शिक्षक

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सधैं प्रयोग गर्ने | कहिले काही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा | सधैं प्रयोग गर्ने | कहिले काही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा |
| ५ | ५ | | १० | ४ | ६ | | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५०% | ५०% | | १००% | ४०% | ६०% | | १००% |

स्रोतः प्रश्नावली

प्रश्नावलीबाट प्राप्त माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमा ५ जना (५०%) ले शिक्षक सहयोगी सामग्रीको सधैं प्रयोग गर्ने र ५ जना (५०%) ले कहिले काही प्रयोग गर्ने बताए भने निजी विद्यालयका शिक्षकहरूले भने १० जनामा ४ जना (४०%) ले सधैं प्रयोग गर्ने र ६ जना (६०%) ले कहिले काही प्रयोग गर्ने बताए । कहिले पनि प्रयोग नगर्नेमा सरकारी र निजी विद्यालयका शिक्षकहरूको मत पाइएन । तर अवलोकनको क्रममा भने अधिकांश शिक्षकहरूले सामग्रीको प्रयोग नगरेको पाइयो ।

**तालिका नं. २४**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सधैं प्रयोग गर्ने | कहिले काही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा | सधैं प्रयोग गर्ने | कहिले काही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा |
| ७ | ७ | | १४ | २ | ४ | | ६ |
| ५०% | ५०% | | १००% | ३३% | ६७% | | १००% |

स्रोतः प्रश्नावली

माथिको तथ्याङ्क अनुसार तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये ७ जना (५०%) ले शिक्षक सामग्री सधैं प्रयोग गर्ने र ७ जना (५०%) ले कहिले काही प्रयोग गर्ने बताए भने कहिले पनि प्रयोग नगर्नेमा कोही पनि पाइएन । तालिम अप्राप्त शिक्षकहरू ६ जना मध्ये २ जना (३३%) ले सधैं पाठ्क्रम, दिग्दर्शन र शिक्षक निर्देशिका प्रयोग गर्ने बताए पनि ४ जना (७६%) ले कहिले काही प्रयोग गर्ने बताए । यहाँ पनि प्रयोग नगर्नेमा मत पाइएन । अवलोकनको समयमा भने धेरैले शिक्षण सामग्रीको प्रयोग नगरेको पाइयो । यी अध्ययनबाट शिक्षकहरूमा पाठ्क्रम, दिग्दर्शन र शिक्षक निर्देशिकाको बारेमा राम्रो जानकारीको अभाव रहेको पाइएकाले उनीहरूलाई यस्ता सामग्री प्रयोग सम्बन्धी जानकारी दिनु पर्ने देखिन्छ ।

### ३.३.१.१३ कविता शिक्षणको महŒव

कक्षा १० मा भाषा शिक्षणको लागि कविता शिक्षण कति महŒवपूर्ण मान्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा प्राप्त तथ्याङ्क तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. २५**

सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| ज्यादै महŒव पूर्ण | अरु विधा सरह | अति कम महŒवपूर्ण | जम्मा | ज्यादै महŒव पूर्ण | अरु विधा सरह | अति कम महŒवपूर्ण | जम्मा |
| २ | ८ | | १० | ४ | ५ | १ | १० |
| २०% | ८०% | | १०० % | ४०% | ५०% | १०% | १००% |

स्रोत: प्रश्नावली

माथिको तथ्याङ्कबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरू मध्ये २ जना (२०%) ले कविता विधालाई धेरै महŒव दिइएको देखिन्छ । ८ जना (८०%) ले अरु विधा सरह महŒव दिएको पाइयो भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४०%) ले धेरै महŒवपपूर्ण विधा मानेको ५ जना (५०%) ले साहित्यका अरु विधा सरह महŒव दिएको र १ जना (१०%) ले भने अति कम महŒवपूर्ण मानेको पाइयो ।

**तालिका नं. २६**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना :

| तालिम प्राप्त शिक्षक | तालिम अप्राप्त शिक्षक |
|---|---|

| अति महŒव पूर्ण | अरु विधा सरह | कम महŒवपूर्ण | जम्मा | अति महŒवपूर्ण | अरु विधा सरह | कम महŒव पूर्ण | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ४ | ९ | १ | १४ | २ | ४ | | ६ |
| २९% | ६४% | १०% | १०० % | ३३% | ६७% | | १००% |

स्रोतः प्रश्नावली

प्रश्नावलीबाट प्राप्त माथिको तालिकालाई हेर्दा तालिम प्राप्त जम्मा १४ शिक्षकहरूमध्ये ४ जना (२९%) ले अति महत्त्वपूर्ण ९ जना (६४%) ले अन्य विधा सरह महŒवपूर्ण दिइएको पाइयो भने तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरू मध्ये २ जना (३३%) ले अति महत्त्व दिइएको र ४ जना (६७%) ले अरु विधा सरह नै महत्त्वपूर्ण मानी प्रयोग गरेको पाइयो ।

### ३.३.१.१४ विद्यार्थी मूल्याङ्कन :

कक्षा विधि पश्चात नियमित विद्यार्थी मूल्यांकन गर्नुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. २७**

शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको तुलना :

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८०% | २०% | १००% | ९०% | १०% | १००% |

स्रोतः प्रश्नावली

माथिको तथ्यांकबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८०%) ले कक्षा विधि पश्चात नियमित विद्यार्थी मूल्याङ्कन गर्ने र २ जना (२०%) ले नगर्ने बताए भने निजी विद्यालयको जम्मा १०

जना शिक्षकहरूमध्ये ९ जना (९०%) ले कक्षा विधि पश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्ने बताए भने १ जना (१०%) ले नगर्ने बताए ।

**तालिका नं. २८**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १२ | २ | १४ | ५ | १ | ६ |
| ८६% | १४% | १००% | ८३% | १७% | १००% |

स्रोतः प्रश्नावली

माथिको तालिका अनुसार तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरू मध्ये १२ जना (८६%) ले कक्षा विधि पश्चात नियमित विद्यार्थी मूल्यांकन गर्ने बताए भने २ जना (१०%) ले नगर्ने बताए । त्यस्तै तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरू मध्ये ५ जना (८३%) ले गर्ने बताए भन्ने १ जना (१७%) ले मूल्यांकन नगर्ने बताए ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा समग्रमा धेरै शिक्षकहरूले कक्षा विधि पश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

**३.३.१.१५ मूल्याङ्कनका साधान :**

दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप अगाल्नु हुन्छ ? भनी सोधिएको प्रश्नमा तथ्याङ्कहरू यस प्रकार रहेको छ ।

**तालिका नं. २९**

सरकारी र निजी विद्यालयको शिक्षकको तुलना :

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुबै | जम्मा | लिखित | मौखिक | दुबै | जम्मा |
| १ | २ | ७ | १० | | ३ | ७ | १० |
| १०% | २०% | ७०% | १००% | | ३०% | ७०% | १००% |

स्रोतः प्रश्नावली

माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरू मध्ये १ जना (१०%) ले लिखित २ जना (२०%) ले मौखिक र ७ जना (७०%) ले दुबै क्रियाकलाप गराउने बताए भने निजी विद्यालयमा पनि १० जना शिक्षकहरू मध्ययेे ३ जना (३०%) ले मौखिक र ७ जना (७०%) ले दुबै क्रियाकलाप गराउने बताए भने लिखित साधनलाई कसैले पनि नअपनाउने बताए ।

**तालिका नं. ३०**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना :

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुबै | जम्मा | लिखित | मौखिक | दुबै | जम्मा |
| १ | ४ | ९ | १४ | | १ | ६ | ६ |
| ७% | २३% | ६४% | १००% | | १७% | ८३% | १००% |

स्रोतः प्रश्नावली

उपर्युक्त तालिका अनुसार तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरू मध्ये १ जना (७%) ले लिखित, ४ जना (२९%) ले मौखिक र ९ जना (६४%) ले दुबै क्रियाकलाप गराउने बताए भने तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमध्ये १ जना (१७%) ले मौखिक र ५ जना (८३%) ले दुबै क्रियाकलाप गराउने बताए ।

यस तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका शिक्षकहरू मूल्यांङ्कनको लिखित क्रियाकलाप ज्यादै कम गर्ने देखियो भने मौखिक क्रियाकलापलाई केही बढी जोड दिएको तर यो भन्दा पनि बढी लिखित, मौखिक दुबै क्रियाकलापलाई जोड दिएको देखिन्छ । सामान्यतय कक्षा कोठा भित्र बविता शिक्षणको अन्त्यमा गरिने क्रियाकलाप समय विद्यार्थी सक्रियता र मूल्यांकनको प्रभावकारिताका दृष्टिले मौखिक मूल्यांकनलाई उचित देखिन्छ । साथै तालिम प्राप्त अप्राप्त दुबै किसिमका शिक्षकहरूले पनि यस्तै क्रियाकलापलाई जोड दिएको देखिन्छ ।

### ३.३.१६ गृहकार्य

दैनिक गृहकार्य दिनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षण प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. ३१**

सरकारी र निजी विद्यालयका शिक्षकको तुलना :

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | कहिले काँही | नदिने | जम्मा | दिने | कहिले काँही | नदिने | जम्मा |
| ७ | ३ | | १० | ७ | ३ | | १० |
| ७०% | ३०% | | १००% | ७०% | ३०% | | १००% |

स्रोतः प्रश्नावली

प्रश्नावलीबाट प्राप्त माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७०%) ले देनिक गृहकार्य दिने र ३ जना (३०%) ले कहिले काँही दिने साथै नदिनेमा कसैको पनि राय देखिएन । निजी विद्यालयका शिक्षकहरूले पनि रिकारी विद्यालयका शिक्षकहरूले झैं बताए ।

**तालिका नं. ३२**

तालिम प्राप्त र अप्‍प्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | कहिले काँही दिने | नदिने | जम्मा | दिने | कहिले काँही दिने | नदिने | जम्मा |
| १० | ४ | | १४ | ४ | २ | | ६ |
| ७१% | २९% | | १००% | ६७% | ३३% | | १००% |

स्रोतः प्रश्नावली

माथिको तालिका अनुसार तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये १० जना (७१%) ले गृहकार्य दिने बताए भने ४ जना (२३%) ले गृहकार्य कहिले काँही दिने बताए । तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरू मध्ये ४ जना (६७%) ले गृहकार्य दिने बताए भने २ जना (३३%) ले कहिलेकाँही दिने बताए भने नदिनेमा कसैका पनि मत नरहेको देखियो ।

उक्त तथ्याङ्कलाई हेर्दा सरकारी र निजी दुवै विद्यालयका तालिम प्राप्त र अप्राप्त करिव दबै जसो शिक्षकहरूले दैनिक गृहकार्य दिने गरेको देखिन्छ। सरकारी र तालिम प्राप्त शिक्षकहरूले भन्दा निजी विद्यालय र तालिम प्ाप्त भन्दा तालिम अप्राप्त शिक्षकहरूले दैनिक रुपमा गृहकार्य दिने गरेको पाइयो।

### ३.३.१.१७ शिक्षण विधि

कविता शिक्षण गर्दा कुन कुन शिक्षण विधि अगाल्नु हुन्छ ? भन्ने प्रश्नको उत्तरका रुपमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन्।

**तालिका नं. ३३**

सरकारी विदालयका शिक्षक :

| शिक्षण विधि | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|
| गीत तथा अभिनय | २ | २०% |
| व्याख्या अर्थबोध | १ | १०% |
| व्याख्या, अर्थबोध, प्रश्नोत्तर | २ | २०% |
| व्याख्या, छलफल, अर्थबोध | २ | २०% |
| गीत, प्रश्नोत्तर, अर्थबोध | २ | २०% |
| गीत, व्याख्या, अर्थबोध, प्रश्नोत्तर | १ | १०% |
| जम्मा | १० | १००% |

स्रोतः प्रश्नावली

**तालिका नं. ३४**

निजी विद्यालयका शिक्षक

| शिक्षण विधि | शिक्षक | प्रतिशत |
|---|---|---|

| | संख्या | |
|---|---|---|
| गीत तथा अभिनय | २ | २०% |
| व्याख्या, अर्थबोध, प्रश्नोत्तर | २ | २०% |
| व्याख्या, छलफल, अर्थबोध | ५ | ५०% |
| छलफल, प्रश्नोत्तर | १ | १०% |
| जम्मा | १० | १००% |

स्रोतः प्रश्नावली

उपर्युक्त शिक्षक प्रश्नावली तालिकालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये २ जना (२०%) ले गीत तथा अभिनय, १ जना (१०%) ले व्याख्या अर्थबोध २ जना (२०%) ले व्याख्या, अर्थबोध, प्रश्नोत्तर, २ जना (२०%)ले व्याख्या, छलफल र अर्थबोध, २ जनाले (२०%) गीत, प्रश्नोत्तर र अर्थबोध, १ जना (१०%) ले गीत, व्याख्या , अर्थबोध र पश्नोत्तर विधिको प्रयोग गरेको बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये २ जना (२०%) ले गीत तथा अभिनय, २ जना (२०%) ले व्याख्या, अर्थबोध र प्रश्नोत्तर, ५ जना (५०%) ले व्याख्या, छलफल र अर्थबोध र १ जना (१०%) ले छलफल। प्रश्नोत्तर विधि अगाल्ने बताए।

**तालिका नं. ३५**

तालिम प्राप्त शिक्षक

| शिक्षण विधि | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|
| व्याख्या अर्थबोध विधि | २ | १४% |
| व्याख्या अर्थबोध, प्रश्नोत्तर | ६ | ४३% |
| गीत, प्रंश्नोत्तर, अर्थबोध | १ | ७% |
| गीत, व्याख्या, अर्थबोध, प्रश्नोत्तर | ५ | ३६% |
| जम्मा | १४ | १००% |

स्रोतः प्रश्नावली

**तालिका नं. ३६**

तालिम अप्राप्त शिक्षक

| शिक्षण विधि | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|
| गीत,प अभिनय, व्याख्या | १ | १७% |
| व्याख्या, छलफल, अर्थबोध | २ | ३३% |
| गीत, अर्थबोध, व्याख्या, प्रश्नोत्तर | ३ | ५०% |
| जम्मा | ६ | १००% |

स्रोतः प्रश्नावली

माथिको प्रश्नावलीबाट प्राप्त तालिकालाई हेर्दा प्राप्त १४ जना शिक्षकहरूमध्ये २ जना (१४%) व्याख्या, अर्थबोध, ६ जना (४३%) ले व्याख्या, अर्थबोध, प्रश्नोत्तर, १ जना (७%) ले गीत, प्रश्नोत्तर, अर्थबोध र ५ जना (३२%) ले गीत, व्याख्या, अर्थबोध, प्रश्नोत्तर विधिलाई अँगाल्ने बताए भने तालिम अप्राप्त शिक्षकहरू मध्ये १ जना (१७%) ले गीत अभिनय, व्याख्या, २ जना (३३%) ले व्याख्या, छलफल। अर्थबोध विधि र ३ जना (५०%) ले गीत, व्याख्या, अर्थबोध र प्रश्नोत्तर विधि अँगाल्ने बताए ।

माथि दिइएको कविता शिक्षण विधिको प्रयोग सम्बन्धि तालिकालाई हेर्दा सरकारी र निजी दुबै शिक्षकहरूले प्रश्नोत्तर, अर्थबोध, गीत, र व्याख्या विधिको बढी प्रयोग गरी शिक्षण गरेको देखिन्छ । यसरी हेर्दा उनीहरूले शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित दुवै विधिलाई जोड दिइएको पाइयो।

### ३.३.२ कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषण :

सरकारी र निजी तथा आवसीय विद्यालयका कक्षा दसमा कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधि वा क्रियाकलापहरूको अध्ययन गर्ने क्रममा तयार पारिएको कक्षा अवलोकन फारमद्वारा शोधकर्ता आफैले कक्षा अवलोकन गरी प्राप्त भएको तथ्याङ्कलाई यहाँ तालिकामा प्रस्तुत गरी विश्लेषण गर्ने प्रयास गरिएको छ।

माथिको तालिका अनुसार सरकारी तथा निजी विद्यालयका शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत गरिएको हो । उक्त तालिकामा सरकारी विद्यालयका कक्षा दसमा कविता शिक्षण गर्ने १० जना र निजी विद्यालयका कक्षा

दसमा कविता शिक्षण गर्ने १० जना शिक्षकहरूको बेग्ला-बेग्लै कक्षा अवलोकन नतिजा दिइएको छ । कक्षा अवलोकन फारममा शिक्षकको व्यक्तित्व, पाठ प्रारम्भ, पाठको प्रस्तुतीकरण शिक्षण विधिको प्रयोग, शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी सहभागीता, सीप शिक्षण पक्ष, विधा शिक्षण पक्ष, विद्यार्थी मूल्यांकन र गृहकार्य गरी १० शीर्षक र प्रत्येक शीर्षक अन्तर्गत उत्त, मध्यम र निम्न गरी ३ उपशीर्षक सहतिको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कको तालिकालाई निम्नानुसार केलाउने प्रयास गरिएको छ ।

### ३.३.२.१ सरकारी विद्यालय

सरकारी विद्यालयका शिक्षकहरूको व्यक्तित्व शीर्षकलाई हेर्दा २ जनाको उत्तम, ६ जनाको मध्यम र २ जनाको निम्न रहेको पाइयो । जसको प्रतिशत क्रमश : २०, ६० र २० प्रतिशत हुन आउँछ । त्यस्तै पाठको प्रस्तुतिकरणलाई हेर्दा २ जनाको उत्तम, ६ जनाको मध्यम र २ जनाकोनिम्न पाइयो । जसलाई प्रतिशतमा देखाउँदा २०, ६० र २० प्रतिशत हुन आउँछ । शिक्षण विधिको प्रयोगलाई हेर्दा ३ जना ३०% उत्तम , ६ जना ६०% मध्यम र १ जना १०% निम्न रहेको पाइयो । शैक्षिक सामग्रीकै प्रयोगलाई हेर्दा ३ जना ३०% उत्तम ५ जना ५०% मध्यम र २ जना २०% निम्न रहेको पाइयो । विद्यार्थी सहभागिताको पक्षमा २ जना उत्तम, ३ जना मध्यम र ५ जना निम्न क्रमशः २०, ३० र ५० प्रतिशत देखिन्छ । त्यस्तै सीप शिक्षण पक्ष वा भाषाका चारै

सीपहरू हासिल गराउन सहयोग हुने वा नहुने आधारमा अवलोकन उत्तम ३ जना , मध्यम ४ जना र निम्न ३ जना क्रमशः ३०, ४० र ३० प्रतिशतले सफलता हाँसिल गरको देखिन्छ । विधा शिक्षणलाई केन्द्रमा राखी अवलोकन गर्दा ३ जनाको उत्तम, ५ जनाको मध्यम र २ जनाको निम्न कविता विधा शिक्षणका उद्देश्य हासिल हुने आधारमा सफलताको परीक्षण गरियो । जुन प्रतिशतमा हेर्दा क्रमशः ३०, ५० र २० प्रतिशतमा रहेको पाइन्छ । विद्यार्थी मूल्याङ्कनको पक्षलाई हेर्दा ३

जनाको उत्तम, ४ जनाको मध्यम र ३ जनाको निम्न वा कमजोर स्थितिमा रहेको पाइयो । यसलाई क्रमशः ३०, ४० र ३० प्रतिशतमा देखाउन सकिन्छ । त्यस्तै गृहकार्यको स्थितिलाई २ जना उत्तम, ५ जना मध्यम र ३ जना निम्न क्रमशः २०, ५०

र ३० प्रतिशत रहेको पाइयो । यसले पाठ शिक्षणको अन्त्यमा दिइने गृहकार्यको स्थितिलाई बुझाउँछ ।

### ३.३.२.२ निजी तथा आवसीय विद्यालय :

निजी विद्यालयको कक्षा अवलोकनबाट प्राप्त माथिको तथयंकलाई विश्लेषण गर्दा शिक्षकको व्यक्तित्व पक्षमा ३ जना उत्तम, ६ जना मध्यम र १ जना निम्न अवस्थामा रहेको पाइयो । जसलाई प्रतिशतमा राख्दा ३०, ६० र १० प्रतिशत हुन आउँछ । पाठको प्रारम्भलाई आधार भन्दा २ जनाको उत्तम ६ जनाको मध्यम र २ जनाको निम्न अवस्था देखियो । यो क्रमशः २०, ६० र २० प्रतिशत हुन आउँछ । त्यस्तै पाठको प्रस्तुतीकरणलाई आधार मानेर अवलोकन गर्दा २ जना उत्तम , ५ जना मध्यम र ३ जनाको निम्न प्रस्तुतीकरण रहको पाइयो । यो क्रमशः २०, ५० र ३० प्रतिशत हुन आउँछ । कक्षामा प्रयोग भएको शिक्षण विधिको अवलोकन गर्दा ३ जनाको स्थिति उत्तम , ४ जनाको मध्यम र ३ जनाको निम्न रहेको पाइयो । यसको प्रतिशत क्रमशः ३०, ४० र ३० प्रतिशत हुन आउँछ । त्यस्तै कविता शिक्षणका क्रममा उपयोग गरिएका शैक्षिक सामग्रीको स्थितिलाई हेर्दा ३ जनाको उत्तम, ४ जनाको मध्यम र ३ जनाको निम्न रुपमा प्रयोग भएको देखिन्छ । उक्त तथ्यांकलाई प्रतिशतमा बदल्दा क्रमशः ३०, ४० र ३० प्रतिशत हुन आउँछ । विद्यार्थी सहभागीताको आधारमा हेर्दा ३ जनाको उत्तम, ५ जनाको मध्यम र २ जनाको कक्षामा विद्यार्थीको निम्न सहभागीता रहेको देखिन्छ । यसलाई प्रतिशतमा बदल्दा क्रमशः ३०, ५० र २०

प्रतिशत हुन आउँछ । त्यस्तै भाषाका सुना, बोलाइ, पढाइ र लेखाइ गरी चार सीप हासिल गर्न सहयोगी हुने नहुने आधारमा गरिएको अवलोकनमा २ जनाको शिक्षण कार्य उत्तम, ६ जनाको मध्यम र २ जनको निम्न गरी क्रमशः २०, ६० र २० प्रतिशतको स्थिति रहेको देखिन्छ । कविता बिधा शिक्षणका दृष्टिमा २ शिक्षकको उत्तम , ४ जनाको मध्यम र ४ जनाको निम्न शिक्षकको रुपमा सफल रहेको देखिन्छ । यसको प्रतिशत क्रमश २०, ४० र ४० प्रतिशत हुन्छ । साथै विद्यार्थी मूल्याङ्कनको पक्षलाई केलाएँदा १ जनाको उत्तम, ५ जनाको मध्यम र ४ जनाको निम्न रहेको

देखिन्छ । जसलाई प्रतिशतमा १०, ५० र ४० प्रतिशत हुन आउँछ । पाठ शिक्षणको अन्त्यमा दिइने गृहकार्यको स्थितिलाई अध्ययन गर्दा ३ जनाको उत्तम, ५ जनाको मध्यम र २ जना शिक्षकको निम्न स्थिति रहेको देखिन्छ । यसलाई प्रतिशतमा हेर्दा क्रमशः ३०, ५० र २० प्रतिशत हुन आउँछ ।

यसरी हुर्दा निजी तथा आवसीय विद्यालयको कक्ष दसको कविता शिक्षणको अवस्थालाई अवलोकन गर्दा शिक्षकको व्यक्तित्व, पाठको प्रस्तुती प्रयोग र प्रभावकारीता, विद्यार्थी सहभागीता, सीप शिक्षण पक्ष, विदार्थी मूल्याङ्कन र गृहकार्यको स्थिति राम्रो देखिन्छ भने पाठको प्रारम्भ, शिक्षण विधिको उचित प्रयोग, शेक्षिक सामग्रीको प्योग, विधा शिक्षण पक्ष आदि पक्षहरू कमजोर पक्षमा रहेको देखिन्छ ।

## ३.४ सारांश

सरकारी र निजी विद्यालयका शिक्षक प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त सामग्रीको अध्ययन विश्लेषण गर्दा भेटिएको तथ्यलाई सारांशको रुपमा यहाँ प्रस्तुत गरिन्छ ।

- सरकारी विद्यालयका तालिम प्राप्त शिक्षक ८०% रहेको पाइयो भने निजी विद्यलयकामा तालिम प्राप्त शिक्षकहरू ६०% रहेको पाइयो ।
- कक्षा अवलोकनका क्रममा तालिम प्राप्त शिक्षकहरूको कक्षा तालिम अप्राप्त भन्दा रोचक र आकर्षक देखियो ।
- निजी विद्यालय र सरकारी विद्यालयका शिक्षकहरूले दिएको अधिकांश उत्तरहरूमा एकरुपता पाइयो ।
- शिक्षकहरूको सैद्धान्तिक ज्ञानका तुलनामा व्यवहारिक पक्ष केही मात्रामा फरक पाइयो ।
- कविता शिक्षण प्रश्नोत्तर, व्याख्या तथा अर्थबोध जस्ता विधिहरूको अधिक प्रयोग भएको पाइयो ।

- सरकारी विद्यालयको तुलनामा मूल्याङ्कन र गृहकार्यका पक्षमा निजी विद्यालयका शिक्षकहरू बढी सक्रिय रहेको पाइयो ।
- लय वाचन गराउँदा प्रायः सबै शिक्षकहरूले एकल वाचनमा भन्दा समूहवाचनमा जोड दिएको पाइयो ।
- अधिकांश शीर्षकहरूमा शिक्षक निर्देशिका र पाठ्यक्रम दिग्दर्शन जस्ता शिक्षण सहयोगी सामग्रीको ज्ञान भएता पनि प्रयोगमा त्यति ध्यान पुऱ्याएको पाइएन ।
- कविता शिक्षणको क्रममा विद्यार्थीहरूको तुलनामा शिक्षक केन्द्रित विधिको बढी उपयोग गरिएको देखिन्छ ।

अध्याय - चार

# निष्कर्ष र सुझावहरू

## ४.१ निष्कर्ष

प्रस्तुत अध्ययनको क्रममा फेला पारेका उल्लेख्य कुराहरूलाई यहाँ निष्कर्षका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

क शिक्षकहरूले साहित्यका अन्य विधाका तुलनामा कविता विधालाई भाषा शिक्षणका लागि अति महŒवपूर्ण विधाका रुपमा लिइएको पाइयो ।

ख कविता शिक्षणमा अर्थबोध, प्रश्नोत्तर, गीत, व्याख्या आदि विधिलाई मात्र बढी उपयोगमा ल्याइएको पाइयो । छलफल, तुलना, चित्रलेखन, खेल, पठ्नविधि आदि विधिको उपयोग भएको पाइएन ।

ग कविता शिक्षण गर्दा तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकले सुनाइ, बोलाइ सीपमा जोड दिएको पाइयो ।

घ सरकारी र निजी विद्यालयका शिक्षकहरूमध्ये ७०% शिक्षकहरू तालिम प्राप्त र ३०% शिक्षकहरू मात्र तालिम अप्राप्त रहेको पाइयो ।

ङ कविता शिक्षण गर्दा सरकारी विद्यालयका ६०% शिक्षकहरू भाषिक सीप विकासमा जोड दिएको देखियो ।

च तालिम प्राप्त सबै शिक्षकले लय वाचन गराउने कार्यलाई पूर्ण रुपमा पालना गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरू मध्ये ८०% ले क्रियाकलाप गराएको पाइयो ।

छ शत्प्रतिशत शिक्षकले कविता शिक्षण गर्दा सारांश कथन गराउने गरेको पाइयो ।

ज कक्षा दसमा कविता शिक्षण गर्दा विद्यार्थी सक्रियतामा जोड दिने पक्षमा प्रश्नावलीमा उत्तर आए पनि व्यवहारमा भने त्यसको पूर्ण पालना भएको पाइएन ।

झ मूल्याङ्कनको क्रममा अधिकांश शिक्षकहरूले लिखित क्रियाकलापलाई भन्दा मौखिक विधिलाई बढी जोड दिएको पाइयो ।

ञ	सरकारी विद्यालयमका शिक्षकका तुलनामा निजी विद्यालयका शिक्षकहरूले दैनिक गृहकार्य दिने पक्षमा जोड दिएको पाइयो ।

ट	कक्षा अवलोकन गर्दा शिक्षकको व्यक्तित्व पाठको प्रस्तुतीकरण विद्यार्थी मूल्याङ्कन र गृहकार्यको पक्षमा निजी विद्यालयका शिक्षकले बढी जोड दिएको पाइयो भने शिक्षण विधिको प्रयोग, सीप शिक्षण, विधा शिक्षण आदि पक्षमा सरकारी विद्यालयका शिक्षकहरूले बढी ध्यान दिएको पाइयो ।

ठ	कविता शिक्षण गर्दा भावबोध गराउने क्रियाकलापमा सबै शिक्षकहरूले जोड दिएको पाइयो ।

ड	तालिम प्राप्त शिक्षकहमा सैद्धान्तिक प्रकृतिको ज्ञान रहेको तर त्यसलाई प्रयोगमा ल्याउने तर्फ त्यति ध्यान दिएको पाइएन ।

ढ	शिक्षकहरूले प्रश्नावली मार्फत दिएको सैद्धान्तिक उत्तर र शोधकर्ता आफैले अवलोकन गरी भरिएको कक्षा अवलोकन फारमबाट लिइएको व्यवहारिक पक्षको मूल्याङ्कन बीच मात्रामा फरक पाइयो ।

ण	समग्रमा हेर्दा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकहरू र तालिम अप्राप्त शिक्षकहरूमा तुलनामा तालिम प्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारी रहेको पाइयो ।

## ४.२ सुझावहरू

१	कक्षा शिक्षण गर्नुपूर्व पाठ योजना बनाउँदा क्रियाकलाप उद्देश्यपूर्ण र सुगम हुने भएकाले त्यस तर्फ जोड दिनुपर्ने देखिन्छ ।

२	कविता शिक्षण गर्दा भाषिक सीपलाई प्राथमिकता दिनुपर्ने हुन्छ ।

३	कक्षा दसमा कविता शिक्षण गर्दा शिक्षक केन्द्रित विधिलाई भन्दा विद्यार्थी केन्द्रित विधिमा जोड दिनुपर्ने देखिन्छ ।

४	लयवाचनको क्रियाकलाप गराउदा सर्वप्रथम शिक्षकले आदर्शवाचक गरिदिने त्यसपछि विद्यार्थीलाई अनुकरण वाचन गारउने र अन्त्यमा विद्यार्थीलाई यति गति मिलाएर कविता वाचन गर्न लगाउन  उचित देखिन्छ ।

५ कविता शिक्षण गर्दा दैनिक प्रयोगका सामग्रीको मात्र प्रयोग गरेको पाइइकाले शब्दपत्ती, वाक्यपत्ती, गोजितालिका, फ्लाटिनपाटी, चार्ट आदि सहायक सामग्री प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।

६ सारांश कथन र लेखनका क्रियाकलापले विद्यार्थीको बोलाइ र लेखाइ सीपको विकास हुने भएकाले त्यस्ता क्रियाकलापमा पनि ध्यान दिनुपर्ने देखिन्छ ।

७ शिक्षकहरूले शिक्षण क्रियाकलापको अन्त्यति अनिवार्य रुपमा विद्यार्थी मूल्याङ्कन गर्ने र शिक्षणमा रहेको कमी कमजोरी हटाउनुपर्ने देखिन्छ ।

८ तालिम अप्राप्त शिक्षकहरूको शिक्षण कमजोरी हटाउन तालिमको व्याख्या गर्नुपर्ने तथा तालिम प्रप्त शिक्षकहरूको व्यवहारिक पक्षका कमीकमजोरीहरू हटाउन पुर्नताजकीकरण तालिम दिनुपर्ने देखिन्छ।

९ शिक्षकहरूलाई उनीहरूमा रहेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्ने तर्फ प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

१० विद्यालय निरीक्षण र सुपरिबेक्षणमा जोड दिने साथै राम्रो शिक्षण गर्ने शिक्षकलाई पुरष्कृत र नराम्रो गर्नेलाई दण्डको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

११ शिक्षक निर्देशिका, पाठ्यक्रम दिग्दर्शन, सन्दर्भ पुस्तक आदि सहयोगी सामग्रीहरू प्रत्येक शिक्षकलाई उपलब्ध गराउनु पर्ने देखिन्छ ।

१२ कविता शिक्षण गर्दा अपनाउनुपर्ने शिक्षण क्रियाकलापको ख्याल गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।

१३ भाषा शिक्षणका विधिहरूका बारेमा तालिम, प्रशिक्षण, गोष्ठी आदि आयोजना गरी शिक्षकहरूलाई प्रशिक्षित गराउनु पर्ने देखिन्छ ।

## ४.३ भावी अनुसन्धानका लागि थप शीर्षकहरू

प्रस्तुत अनुसन्धान कार्य कविता शिक्षण विधिमा केन्द्रित रहेकाले यस अध्ययनसंग सम्बन्धित क्षेत्रमा गर्न सकिने अनुसन्धानका सम्भाव्य शीर्षकहरू निम्नानुसार उल्लेख गरिएको छ ।

१ माध्यमिक तहमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन ।

२ मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन।

३ कक्षा दसमा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन ।

४ कक्षा दसमा रुपक विधा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन ।

५ कक्षा आठमा कविता शिक्षण गर्दा भएका शिक्षण विधिहरूको अध्ययान ।

६ कक्षा आठमा कविता शिक्षण गर्दा अप्नाउन सकिने शिक्षण विधिहरूको अध्ययन ।

७ कक्षा नौमा प्रबन्ध शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन ।

८ कक्षा दसको नेपाली पाठ्पुस्तकको विश्लेषणात्मक अध्ययन ।

९ कक्षा नौमा कविता शिक्षण गर्दा अपनाइएका विधिहरू भाषा शिक्षणका विधिहरूका बीच तुलनात्मक अध्ययन ।

१० कक्षा नौमा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन ।

११ मातृभाषा नेपाली भएका र नभएका शिक्षकहरूले कक्षा नौमा नेपाली भाषा शिक्षण गर्दा गरेका शिक्षण विधिहरूको अध्ययन ।

# सन्दर्भ ग्रन्थसूची

**क सन्दर्भ पुस्तकहरू**


अधिकारी, हेमाङ्गराज (२०६२) **सामाजिक र प्रायोगिक भाषा विज्ञान** काठमाडौं, रत्न पुस्तक भण्डार ।

: २०६३ **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा - (२०५६), **प्रारम्भिक नेपाली शिक्षण** ( **दो.ए.**) काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पाः) २०६१, **प्रयोगात्मक नेपाली शब्दकोष**, काठमाडौं, विद्यार्थी प्रकाशन ।

दाहाल, बल्लभमणि र अन्य (२०५७), **अनिवार्य नेपाली शिक्षक निर्देशिका**, काठमाडौं, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

बन्धु, चूडामणि (२०५२) **अनुसन्धान तथा प्रतिबेदन लेखन** , काठमाडौंः रत्न पुस्तक भण्डार।

बन्धु, चूडामणि (सम्पा. २०६०) , **अनुसन्धान विधि**, काठमाडौंः ने.रा..प्र.प्र.

भण्डारी, पारसमणि (२०५४) **प्रायोगिक भाषा विज्ञानका केही पक्ष**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

२०६२ **नेपाली संक्षिप्त पर्यायबाची शब्दकोश**, काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि.

२०६३ **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं, न्यु.हिरा. बुक्स इन्टरप्राइजेज।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल, (२०६३) **नेपाली कविता र काव्य**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र (२०६२), **नेपाली भाषा र व्याकरण,** काठमाडौंः सनलाइट पब्लिकेसन ।


**ख शोधपत्रहरू :**

अधिकारी, काशरिाम (२०६४) कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन अप्रकाशित स्नातकोत्तरशोधपत्र त्रि.वि. कीर्तिपुर ।

कार्की, संगीता (२०५८),, कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर।

ढकाल, लक्ष्मीप्रसाद , (२०५५), कक्षा पाँचमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर।

न्योपाने, अनिताकुमारी (२०६२) अनौपचारिक शिषा कार्यक्रम अन्तर्गत नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको अध्ययन अप्रकाशित स्नातकोत्तर, कीर्तिपुर।

न्यौपाने, बिनोदकुमार (२०६२) कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर।

पौड्याल, देबीदत्त (२०६०) कक्षा आठमा कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर।

बुढाथोकी, गोपाल (२०६२) कक्षा सातमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर।

बेल्वासे, अनन्तप्रसाद (२०६०) कक्षा पाँचमा कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर।

## परिशिष्ट : क

जनसंख्यामा छनौट गरिएका विद्यालयको नाम र ठेगाना :

**सरकारी विद्यालयहरू :**

१ श्रीकष्णाश्रम उ.मा.वि., कन्याम, इलाम ।

२ शान्तिनिकेतन उच्च मा.ि.व., कोल्बु▪,

३ जनक उच्च मा. वि., श्रीअन्तु,

४ फिक्कल उच्च मा. वि., फिक्कल,

५ करफोक विद्यामन्दिर उच्च मा. वि., पञ्चकन्या,

६ बीरेन्द मा. वि., पञ्चकन्या,

७ सरस्वती मा. वि., जिर्मले,

८ भगवती उच्च मा. वि., इ.न.पा. ४

९ आदर्श नमुना उच्च मा. वि., इ. न. पा.

१० अमर उच्च मा. वि., बरबोटे

**निजी विद्यालयहरू :**

१ न्यू सनराइस अंग्रेजी बोर्डि▪ स्कूल, फिक्कल, इलाम

२ एभरल्याण्ड इन्टरनेशनल एकाडेमी, फिक्कल

३ पञ्चकन्या आवसीय विद्यामन्दिर, फिक्कल

४ ग्रीनभ्याली एकाडेमी, इलाम

५ प्रज्ञासदन बोर्डि▪ स्कूल, इलाम

६ इलाम विद्या मन्दिर, इलाम

७ हेरीटेज नेशनल एकाडेमी, इलाम

८ मन्टेश्वरी मा. वि., इलाम

९ ज्योति विद्या मन्दिर, इलाम

१० ज्योति सदन बोर्डि▪ स्कुल, इलाम

## परिशिष्टः ख

## शिक्षक प्रश्नावली फाराम :

शिक्षकको नाम : ......................................................................

मिति : ........................................

विद्यालयको नाम : ..........................................................................................

तालिम : .......................................

प्राप्त/अप्राप्त : ................................

१ कविता शिक्षण गर्दा पाठ योजना बनाउँनु हुन्छ ?

क) बनाउँछु ख) बनाउँन्न

२ कविता शिक्षण कुन उद्देश्यका लागि बढी आवश्यक ठन्नु हुन्छ ?

क) भाषिक सीप विकास ख) साहित्यिक रसास्वादन

३ कविता विधा कुन भाषिक सीप विकासका लागि बढी महŒवपूर्ण मान्नुहुन्छ ?

क) सुनाइ-बोलाइ ख) पढाइ-लेखाइ

४ कविता शिक्षण गर्दा शब्दार्थ दिँदा वाक्यमा प्रयोग समेत गर्न लगाउनु हुन्छ कि हुन्न ?

क) हुन्छ ख) हुन्न

५ विद्यार्थीलाई गति, यति मिलाई लयवाचन गर्न लगाउनु हुन्छ ?

क) लगाउँछु ख) लगाउन्नँ

६ विद्यार्थीलाई लयवाचन गराउँदा कुन क्रियाकलाप पहिले गराउनु हुन्छ ?

क) एकल वाचन ख) समूहगत वाचन

७ कविता शिक्षण गर्दा व्याख्यान विधिको उपयोग गर्नुहुन्छ कि गर्नुहुन्न ।

क) गर्छ ख) गर्दिनँ

८ कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ ।

क) गराउँछु ख) गराउन्नँ

९ कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउनु हुन्छ ।

क) लगाउँछु ख) लगाउन्नँ

१० विद्यार्थीलाई कविताको सारांश लेखन गराउनुहुन्छ ।

क) गराउँछु ख) गराउन्नँ

११ शिक्षणका क्रममा विद्यार्थी कति सक्रिय गराउनुहुन्छ ?

क) शिक्षक बढी ख) विद्यार्थी बढी ग) शिक्षक विद्यार्थी बराबर

१२ कविता शिक्षण गर्दा पाठ्क्रम दिग्दर्शन, शिक्षक निर्देशिका जस्ता सहयोगी सामग्रीको प्रयोग गर्नुहुन्छ ?

क) सधैं गर्छु ख) कहिलेकाँही गर्छु ग) कहिले पनि गर्दिनँ

१३ कक्षा दसमा भाषा शिक्षणका लागि कविता विधा कति महŒवपूर्ण मान्नु हुन्छ ?

क) ज्यादै महŒवपूर्ण ख) अरु विधा सरह ग) अति कम महŒवपूर्ण

१४ कक्षा विधि पश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ कि हुन्न ?

क) गर्छु ख) गर्दिनँ

१५ दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप बढी अपनाउनु हुन्छ ?

क) लिखित ख) मोखिक ग) दुबै

१६ दैनिक गृहकार्य दिनुहुन्छ ?

क) दिन्छु ख) कहिलेकाँही दिन्छु ग) दिन्नँ

१७ कविता शिक्षणमा कुन कुन विधिको बढी प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

परिशिष्ट : ग

## कक्षा अवलोकन फाराम :

विद्यार्थीको नाम : ...................................................... मिति : ..............................

शिक्षकको नाम : ......................................................... ठेगाना : ................................

शैक्षिक योग्यता : ...................................................... पाठ : .........................................

तालिम प्राप्त/अप्राप्त : ........................................... विद्यार्थी संख्या : ....................

कक्षा : .......................................

| क्र.सं. | अवलोकन आधार शीर्षक | शिक्षण कार्यकलाप स्थिति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | |
| १ | शिक्षकको व्यक्तित्व | | | | |
| २ | पाठको प्रारम्भ | | | | |
| ३ | पाठको प्रस्तुतीकरण | | | | |
| ४ | शिक्षण विधिहरुको प्रयोग | | | | |
| ५ | कालोपाटी र शैक्षिक सामग्री प्रयोग | | | | |
| ६ | कार्यकलापमा विद्यार्थीको सहभागीता | | | | |
| ७ | भाषिक सीप शिक्षण पक्ष | | | | |
| ८ | विधा शिक्षण पक्ष | | | | |
| ९ | विद्यार्थी मूल्याङ्कन | | | | |
| १० | गृहकार्य | | | | |